मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## घट्यो इन्धनको मूल्य

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ तर हवाई इन्धनको मूल्य भने बढेको छ । मंगलबार बसेको निगम सञ्चालक समितिको बैठकले डिजेल र मट्टितेलमा मूल्य प्रतिलिटर २ रुपैयाँ घटाइएको हो । तर हवाई इन्धनमा आन्तरिकतर्फ प्रतिलिटर एक रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलो लिटर अमेरिकी ७ डलर वृद्धि गरिएको छ । नयाँ मूल्यसूची बुधबार बिहान १ बजेदेखि लागू हुने निगमले जनाएको छ । निगमका अनुसार पेट्रोल र एलपि ग्यासको बिक्री मूल्य यथावत छ ।

● वर्ष २ ● अंक १६१ ● २०८१ साल वैशाख १९ गते बुधबार ● Wednesday 01, May 2024 ● सूर्योदय: बिहान ५:२७ बजे ● सूर्यास्त: साँझ ६:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# दुई सय घर जलेर नष्ट



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको महादेवा गाउँपालिका–१ स्थित चिम्टीमा मंगलबार भीषण आगलागी हुँदा २ सय भन्दा बढी घर जलेर नष्ट भएका छन् । दिउँसो २ बजेदेखि शुरु भएको आगलागीमा १ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ । तीव्र गतिको हूरीमा आगलागी भएकाले ठूलो क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । स्थानीय शत्रुधन यादवको घरबाट शुरु भएको आगलागीले गाउँ नै स्वाहा भएको स्थानीयले बताए । दलित र मुस्लिम समुदायको घना बसोबास रहेको बस्तीमा एक्कासी आगलागी हुँदा २ सय जति घर जलेर नष्ट भएको स्थानीयले जानकारी दिए ।
राजविराज, शम्भुनाथ, हनुमाननगर कंकालिनी नगरपालिकाका बारुण यन्त्रको सहयोगमा प्रहरी र स्थानीयले आगो नियन्त्रणमा लिने प्रयास गरेको वडाअध्यक्ष जयकिशोर दासले जानकारी दिए । उनका अनुसार साँझ ६ बजेसम्म पनि आगो पूर्ण नियन्त्रणमा ल्याउन सकिएको थिएन । आगलागीको क्षतिबारे विवरण संकलन भइरहेकाले कतिसम्म क्षति भएको भन्ने सम्बन्धमा अझै यकिन नभएको प्रहरीले जनाएको छ । आगलागी पीडितहरुको मंगलबारको रात त्रासदीपूर्ण र कष्टकर बनेको छ ।

## पर्सामा पनि आगलागी

पर्साको धोबिनी गाउँपालिका वडा नम्बर ५ जगरनाथपुरमा मंगलबार दिउँसो आगलागी हुँदा ४ वटा घर जलेर नष्ट भएको छ । स्थानीय रहमत देवान, अमजत देवान, सम्साद देवान र रजाक देवानको फुसको घर जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय लंगडीका सहायक हवल्दार रामकुमार साहले जानकारी दिए । आगलागीमा २७ लाख रुपैयाँ बराबरको क्षति भएको छ । केही दिन पहिला वैशाख १२ गते धोबिनी गाउँपालिकाकै वडा नम्बर ३, हरिहरपुरमा भएको आगलागीमा ५ वटा घर जलेको थियो । त्यसअघि चैत २६ गते राति धोबिनी गाउँपालिकाकै वडा नम्बर ३, गुलरियामा भएको आगलागीमा ४ वटा घर जलेको थियो ।
यस्तै, पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर २, जमुनिया टोलमा सोमबार मध्यराति आगलागी हुदाँ दुई वटा घरगोठ जलेर नष्ट भएको छ । आगलागीबाट स्थानीय रौफ मियाँ धुनिया र मनिफ मियाँको घरगोठ जलेर नष्ट भएको हो । रौफ मियाँ धुनियाको घरमा राति लामखुट्टे धपाउन बालिएको घुरबाट आगो सल्किएर आगलागी हुँदा छिमेकको मनिफको पनि घर जलेर नष्ट भएको हो । आगलागी पीडितलाई वडाध्यक्ष चिरञ्जीवी महतो थारुले चामल, दाल, तेल, नूनलगायतका खाद्यान्न सहयोग गरेका छन् ।

# खोइ त मुख्यमन्त्रीको घोषणाको राहत प्याकेज ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले वैशाख १२ गते महोत्तरीको मटिहानीका जलेका १ सय ३ अग्निपीडितका परिवारलाई घर बनाइदिने सस्तो लोकप्रियताको बोली बोले पनि एक साता बित्दासमेत अग्निपीडितले प्रदेश सरकारबाट केही राहत पाएका छैनन् । वैशाख १३ गते नै महोत्तरीको विपद् व्यवस्थापन समितिले आगलागीको विवरण संकलन गरेर प्रदेश र संघ सरकारलाई सहयोगका लागि अपिल गरे पनि मधेश प्रदेश सरकार अझ मुख्यमन्त्री यादवको अकर्मयणताका कारण अग्निपीडित प्रदेश सरकार छ भन्ने अनुभूत गर्न सकिरहेका छैनन् ।
उनीहरुले आगलागीको ७२ घण्टापछि आएका मुख्यमन्त्रीलाई नजिकबाट देखे पनि उनले र उनको सरकारले के सहयोग गर्छ भन्ने केही जानकारी पाएनन्, बस्तीमा आउने अरु धेरैजस्तै मुख्यमन्त्री पनि आएर हेरेर गएको मात्र उनीहरुलाई महसुस भएको छ ।



मुख्यमन्त्रीले बाराको सिमरामा यातायात व्यवसायीको कार्यक्रममा महोत्तरीमा प्रदेश सरकारले घर बनाइदिने घोषणा गरेका थिए । त्यसलगत्तै बस्तीमा पुगेका मुख्यमन्त्री यादवले घर बनाउने भन्न सकेनन् । क्षतिको विवरण आएपछि राहत प्याकेज घोषणा गर्ने भनेर बोली फेरेका थिए ।
तर वैशाख १३ गते नै महोत्तरी प्रशासनले पठाएको विवरण के पाँच दिन बित्दासमेत मधेश सरकारले थाहा पाएन होला र अहिलेसम्म राहत घोषणा भएको छैन । जबकि महोत्तरीको आगलागीको घटनास्थल अध्ययन गर्न गृहमन्त्रालयबाट समेत सहसचिव नेतृत्वको टोली आएर अध्ययन गरेर फर्किसकेको छ । मधेश प्रदेश सरकार भने बोलेको पनि पूरा गर्न नसक्ने किन भयो ? अग्निपीडित जवाफ खोजिरहेका छन् ।
उसो त मधेश प्रदेशका अर्का एकजना मन्त्री सरोज यादवले केही प्राविधिक कारणले ठोस प्याकेज घोषणामा कठिनाइ भएको बताए । मुख्यमन्त्री सरोज यादव सरकारकै भौतिक पूर्वाधार मन्त्री सरोज यादवले आगलगी भएको बस्ती गुठीको जग्गा भएकाले प्रदेश सरकारले घर बनाउन नमिल्ने बताइसकेका छन् ।
यसैले मुख्यमन्त्रीको पनि बोली बन्द भएको छ । तर महोत्तरी प्रशासनले प्रतिघर २० हजार रुपैयाँ राहत दिँदा प्रदेश सरकारले एक साता बित्दासमेत किन उनीहरुलाई केही राहत घोषणा गर्न सकेन ? घर बनाइदिन्छु भन्ने प्रदेश सरकारले गुठीकै जग्गाकै कारण बोलेको बोली फिर्ता लिएको हो त ? अरु कुनै जग्गा खोजेर पनि घर बनाइदिन सकिन्छ ।
मुख्यमन्त्रीको राहत कोष पनि हुन्छ । तर किन प्रदेश सरकारको मौनता ? मुख्यमन्त्रीको अकर्मण्यता ? मधेश प्रदेशको गृह मन्त्रालयले प्रतिपरिवार १० हजार रुपैयाँ दिने तयारी गरेको भनेको पनि साता बितिसकेको छ ।

## विवरण पठाइसकेका छौँ

**उपेन्द्र न्यौपाने**
**सहायक सिडिओ, महोत्तरी**



आगलागीको क्षतिको विवरण आइसक्यो । एकसय ३ घर परिवार भनेर आएको छ, रेडक्रस, पालिका, वडा कार्यालय र प्रहरीको रिपोर्ट हो । १ करोड ६२ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको छ । सबैले भनेको अनुसार टिपिएको हो । नदेखिए पनि सुन हराएको, पैसा हराएको पनि क्षति विवरणमा उल्लेख छ । विपद् व्यवस्थापन समितिको बैठक वैशाख १३ गते बस्यो । प्रतिपरिवार २० हजार रुपैयाँ दिने भन्यौँ । आवश्यक सहयोगका लागि प्रदेश र संघीय सरकारलाई पनि अनुरोध गर्ने भन्यौँ । विवरण दुवै सरकारलाई गयो पनि । संघीय सरकारको विपद् प्राधिकरणबाट पाँच जनाको टोली पनि आएको छ । आगलागीस्थल अध्ययन अवलोकन गरेर जानु भयो । रिपोर्ट दिनु होला पक्कै । वैशाख १६ गतेसम्ममा ५४ व्यक्ति तथा संस्थाले खाद्यान्न, कपडा, शैक्षिक सामग्री, स्वास्थ्य सामग्री सबै वितरण गरेका छन् । बसोबासबारे वैकल्पिक उपाय खोज्न मेरै संयोजकत्वमा समिति पनि बनेको छ ।
थप आवश्यक व्यवस्थाका लागि अनुरोध गर्ने भनेर उहिले नै पठाएका हौँ । सम्बन्धित मन्त्रालयबाट टोली आयो । सांसदहरु महन्थ ठाकुर, शरदसिंह भण्डारी, चन्दा चौधरी, चन्दा कार्की आएर पनि हेर्नु भएको छ । हामी संघीय सरकारका प्रतिनिधि हौँ । त्यसदिन नौ वटा जति दमकल प्रयोग गरेर ६ घण्टामा आगलागी नियन्त्रणमा लियौँ । कक्षाको १२ को परीक्षाको केन्द्राध्यक्षलाई निर्देशन दिने बैठक भएकाले सबै सँगै थियौँ र बैठक छोट्याएर समयमै त्यहाँ पुग्यौँ । वैशाख १२ गते साँझ ६ बजेसम्म हामी त्यही थियौँ । प्रशासनमा बजेट केही हुन्न । बजेट संघ, प्रदेश, स्थानीय सरकारसँग हुन्छ । बजेट आए कार्यान्वयन गर्न हामी समन्वय गर्न तयार छौँ । (कुराकानीमा आधारित)

# दोषी समातिए पनि माग र मुद्दा ओझेलमा



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
१२ वर्षअघि अर्थात २०६९ साल वैशाख १८ गते जनकपुरका केही अभियन्ताले मिथिला राज्य संघर्ष समिति स्थापना गरेर संघीय संरचनामा मुलुक जाँदा यस क्षेत्रको नाम मिथिला प्रदेश हुनुपर्ने माग राख्दै रामानन्द चौकमा धर्ना बसेका थिए । धर्नाको समय अन्तिम हुँदै थियो । धर्ना समाप्त हुने समय नजिकिँदै थियो । एक्कासी बम विष्फोट भयो । शान्तिपूर्ण धर्नामा बसेका आन्दोलनकारीबीच भागाभाग र घाइतेको करुणपूर्ण रोदनले चोक रणसंग्राममा परिणत भयो । रामानन्द चोक घाइतेहरुको रगतले रातो भयो । घटनामा मारिएका आन्दोलनकारीमध्ये तीनजनाको घटनास्थलमै मृत्यु भयो भने दुई जनाको उपचारक्रममा मृत्यु भयो । बम

बाँकी पृष्ठ ३ मा

# पत्रकार विनय मृत्यु प्रकरण दुर्घटना नै हो ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
एक हप्ताअघि मोटरसाइकल दुर्घटनामा ज्यान गुमाएका धनुषाका पत्रकार विनय यादवको मृत्यु शंकास्पद देखिएको छ । वैशाख ११ गते बिहान ४ बजे धनुषाको जनकपुर–ढल्केवर सडकखण्डमा भएको घटनालाई प्रहरीले दुर्घटना दाबी गरेको छ ।



पीडित परिवारले विनयलाई हत्या गरी मोटरसाइकल दुर्घटनाका नाममा अपराधी उम्काउने षड्यन्त्र भनेको छ ।
घटनास्थलको प्रकृति र प्रारम्भिक अनुसन्धानमा मोटरसाइकल दुर्घटनामै विनयको मृत्यु भएको जिकिर गर्दै प्रहरीले सवारी ज्यानसम्बन्धी जाहेरी लिएर आउन पीडित परिवारलाई बारम्बार ताकेता गरिरहेको

बाँकी पृष्ठ ३ मा

### नबिल बैंकमा रकम चोरी प्रकरण

# बैंक कुर्न सुरक्षा गार्डसमेत राखिएको थिएन

**मधेशदृष्टि**
**वीरगंज ।**
नबिल बैंकले वीरगंजको बाइपास शाखाबाट एक करोड ३४ लाख रुपैयाँ भन्दा बढी नगद चोरी भएको घटना पर्सा प्रहरीमा दर्ता गरेको छ । बाइपास सडकस्थित बैंकबाट आइतबार राति १ करोड ३४ लाख ६५ हजार रुपैयाँ नगद चोरी भएको बैंकले मंगलबार जिल्ला प्रहरी कार्यालय पर्सामा जानकारी गराएको हो । यसपघि सोमबार बिहान नै बैंकबाट पैसा चोरी भएको घटना वीरगंजसहित देशभर भुसको आगो झैँ फैलिएको थियो । पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बैंकले पैसा हराएकोबारे जाहेर गरेको पुष्टि गरे ।




उसो त रहस्यमयी देखिए पनि सहजसँग चोरी भएको रकमबारे बैंकले पनि सोमबार मात्रै जानकारी पाएको थियो । सोमबार बिहान ८.४५ बजेतिर सुरक्षा गार्ड बैंक पुग्दा मूलगेटमा नयाँ ताल्चा देखिएपछि घटना सार्वजनिक भएको हो । सुरक्षा गार्डले शाखा प्रबन्धक पवन पौडेललाई फोन गरेर ताल्चा परिवर्तनबारे जानकारी गराएका थिए । लगत्तै पौडेलले प्रहरीलाई खबर गरेपछि प्रहरी बैंक पुगेको थियो । प्रहरीले नै बैंकको नयाँ ताल्चा फोरेको थियो । बैंकबाट १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरी भएको प्रारम्भिक अनुसन्धानमा देखिएको थियो । 'टिनको

बाँकी पृष्ठ २ मा

## बैंकको कमजोरीः योजनावद्ध चोरी

नबिल बैंकमा योजनाबद्ध ढङ्गले चोरी भएको अनुमान गरिएको छ । बैंकमा रहेको ३ करोड रुपैयाँ भन्दा बढी रकममध्ये एक करोडको हाराहारीमा मात्र चोरी भएको छ ।
बैंकले थाहा नपाओस् भनेर एक तिहाइ रकम मात्र चोरले लगेको अनुमान गरिएको छ । चोरी भएकै दिन शाखा कार्यालय रहेको घरका घरबेटीको पनि सामान चोरी भएको छ ।
उसो त चोरीपूर्व बैंकको सिसिटिभी क्यामेरा पनि बिग्रिएको पाइएको छ । यी सबै घटनाक्रम हेर्दा बैंकबारे जानकारले नै योजनामा चोरी गरेको अनुमान प्रहरीको पनि छ । सिसिटिभी क्यामेरा बिग्रनु, राति बैंकमा सुरक्षा गार्ड नबस्ने थाहा हुनु, चोरले सजिलैसँग ताला फोरेर नयाँ ताला लगाएर जानु आफैँमा सन्देह जगाउने विषय हुन् । त्यसैगरी आधा पैसा चोरी पनि योजनामै भएको त होइन ?
सोमबार साँझसम्म पर्सा प्रहरीले यसबारे खास बताउन चाहेको थिएन । बताइए अनुसार, पवन पौडेलले बाइपास शाखा प्रमुखको जिम्मेवारी सम्हालेको ३ महिना मात्रै भएको छ । तीन करोड रुपैयाँ भएको बैंकमा राति एउटा सुरक्षाकर्मी पनि परिचालन नगरिनु जनताको बचतप्रति हद भन्दा बढी बदमासी त हुँदै हो, अर्कातिर बैंकबारे जानकारले नै यो घटना गराएको हुनसक्ने देखिन्छ । हुनसक्छ, बैंककै कर्मचारी पनि मिले कि ? नत्र यति आत्मविश्वासका साथ चोरले पैसा निकालेर बैंक बन्द गरेर हिँड्ला र ? बचत गर्न जाँदा अनेक हुलिया माग्ने बैंकले जनताको पैसा कुर्ने सबैभन्दा सस्तोमा पाइने सुरक्षा गार्ड पनि राख्दैन भने अब जनता बैंकमा पैसा जम्मा गर्न जान्छन् कि भएको पनि निकाल्न ?

# एकीकृत समाजवादी महाधिवेशनको तयारी शुरु

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पाटी (एकीकृत समाजवादी) ले महाधिवेशनको आवश्यक तयारी तीव्र रूपमा सञ्चालन गरेको छ । महाधिवेशन मूल व्यवस्थापन कमिटीले अन्य कमिटीलाई जिम्मेवारी प्रदान गरेको छभने मातहतका सबै कमिटीलाई सदस्यता अभिलेख, कार्य प्रगतिको विवरण केन्द्रमा बुझाउन निर्देशन दिएको हो । सबै कमिटी, विभाग र फाँटलाई आगामी असार ५ गतेभित्र महाधिवेशन प्रतिनिधिको फोटोसहितको विवरण पार्टी केन्द्रीय कार्यालयमा पठाउन भनिएको छ ।

पार्टीले मातहतका सबै निकाय, क्षेत्र तथा तहबाट महाधिवेशन प्रतिनिधि छनोट गरी निर्धारित शुल्कसहित प्रतिनिधि छनोटको नामावली समयमा केन्द्रमा बुझाउनुपर्ने छ । पार्टीअन्तर्गत रहेका सबै कमिटीले असार १ गते प्रतिनिधि छनोट गर्ने कार्यतालिका रहेको पार्टी पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिइन् ।

केन्द्रीय सङ्गठन विभागले नेता तथा कार्यकर्ताको सदस्यता प्रदान र नवीकरणको सबै प्रक्रियाका साथै शुल्कसहितको विवरण केन्द्रले प्रमाणीकरण गर्ने छ । सदस्यता प्रमाणित गरेपछि त्यसको नामावली विवरण यही वैशाख ३० गतेसम्ममा सम्बन्धित कमिटीमा पठाइने छ । आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा गर्न लागिएको दशौँ राष्ट्रिय महाधिवेशनलाई केन्द्रित गरी यही वैशाख २८ र २९ गते केन्द्रीय कमिटीको बैठक आह्वान गरिएको छ । त्यसले प्रतिनिधिको नामवलीलगायत अन्य आवश्यक कार्यसूची अनुमोदन गर्ने छ ।

आगामी जेठ ९ गतेसम्ममा सबै कमिटीमा महाधिवेशनका लागि प्रस्तुत गरिने मस्यौदा दस्तावेज पठाइने छ । सबै कमिटीले मस्यौदा दस्तावेजमाथि आफ्नो कार्यक्षेत्रमा रहेका पार्टी सङ्गठित सदस्यहरूलाई आगामी जेठ ३२ गतेसम्म छलफल गराउने तालिका छ ।

# ‘नेपालको स्वास्थ्यसेवा प्रणालीमा सुधार भएको छ’

**रासस**
**अमेरिका ।**
उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले संवैधानिक र कानुनी व्यवस्थासहित गरिबी निवारण, स्वास्थ्य सेवा प्रणाली, बाल मृत्युदर घटाउने तथा औसत आयु वृद्धिमा सफलता प्राप्त गरेको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या तथा विकास आयोगको ५७औँ बैठकलाई न्युयोर्कमा सम्बोधन गर्दै उपप्रधानमन्त्री यादवले स्वास्थ्य सेवाको विकासलाई उच्च प्राथमिकता दिएर तदनुरुप काम भइरहेको बताए । तीन दशक अगाडि कायरोमा सम्पन्न जनसङ्ख्या तथा विकास आयोगको बैठकमा उपस्थित एक सय ७९ देशले स्वीकृत गरेका कार्यक्रम कार्यान्वयनलाई सरकारले प्राथमिकता दिएको उनले बताए ।

मन्त्री यादवले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न हरसम्भव प्रयत्न भएको जानकारी दिए । उनले भने, ‘नेपालले संविधानमा नै प्रजनन अधिकार, सुरक्षित मातृत्व, लैङ्गिक समानता, मानवअधिकारजस्ता मौलिक अधिकारलाई सुनिश्चित गरेको छ । आफ्ना नागरिकको जीवनस्तर उठाउन नीतिगत व्यवस्थाका साथै योजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिँदै आएको छ ।’

युवा जनशक्तिलाई स्वदेशमै रहने वातावरण बनाउन सरकार क्रियाशील रहेको बताउँदै मन्त्री यादवले शिक्षा, स्वास्थ्य, प्रविधि, व्यवसाय, क्षमता अभिवृद्धिका लागि बाह्य लगानी अपरिहार्य भएकामा जोड दिए । उनले नयाँ जनसङ्ख्या नीति निकट भविष्यमा सार्वजनिक गर्ने जानकारी दिए । उनले जलवायु परिवर्तनका कारण उत्पन्न विषम परिस्थितिप्रति चिन्ता व्यक्त गरे ।

००००

यस्तै, उपप्रधानमन्त्री यादवले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भएको भेटवार्तामा जलवायु परिवर्तन र विश्वमा बढ्दो द्वन्द्वका कारण नेपालले दिगो विकासका लक्ष्यहरूका साथै स्वास्थ्य क्षेत्रमा हासिल गरेका उपलब्धि जोगाइराख्न चुनौतीपूर्ण भएकाले राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय विकास सहायता अपरिहार्य भएकामा जोड दिए ।

संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा भएको भेटवार्तामा उपप्रधानमन्त्री यादवले संयुक्त राष्ट्रसङ्घको बडापत्र एवम् सिद्धान्तप्रति नेपाल प्रतिबद्ध रहेको बताउँदै देशको सामाजिक–आर्थिक विकासमा राष्ट्रसङ्घले गरेको योगदानको सराहना गरेको न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ । नेपालले गरिबी निवारण, स्वास्थ्य सेवाको विकास, प्रजनन दर र मातृ मृत्युदर घटाउनेलगायत जनस्वास्थ्यका क्षेत्रमा प्रगति गरेको जानकारी दिँदै भूपरिवेष्टित एवम् अतिकमविकसित राष्ट्र नेपाललाई विकासका निम्ति बाह्य सहायता आवश्यक भएको उपप्रधानमन्त्री यादवले बताए ।

महासचिव गुटेरेसले नेपाल र संयुक्त राष्ट्रसङ्घबीचको सम्बन्ध र सहयोग प्रगाढ रहेकामा प्रशन्नता व्यक्त गर्दै हालैको आफ्नो नेपाल भ्रमणको स्मरण गरे । उनले मानवअधिकार, विश्व शान्ति र सुरक्षा एवम् दिगो विकासका लक्ष्यहरू प्राप्तिमा नेपालले गरेको योगदानको मुक्तकण्ठले प्रशंसा गरे । महासचिव गुटेरेसले शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसङ्घअन्तर्गत शान्ति सेना परिचालन गर्ने मुलुकहरूमा नेपाल अग्रस्थानमा रहेको बताउँदै नेपाली शान्ति सेनाले निर्वाह गरेको भूमिकाको सराहना गरे । साथै उनले स्वास्थ्य क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिको प्रशंसा पनि गरे । स्वास्थ्य क्षेत्रका निम्ति राष्ट्रसङ्घीय निकायहरूमार्फत थप सहयोग प्रदान गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

# कांग्रेस सदैव मजदुरका हकहितमा क्रियाशीलः देउवा

**रासस**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मजदुरका समस्यालाई समाधान गरेर श्रमिक वर्गको हक र हितको संरक्षण र सम्बद्र्धन गर्न कांग्रेस सदैव क्रियाशील रहेको बताएका छन् । मजदुर दिवसका अवसरमा एक सन्देश जारी गर्दै उनले सुशासनका माध्यमबाट आफ्नो आर्जनको सुरक्षा, अनुकूल सामाजिक वातावरण, उचित ज्याला एवम् पारिश्रमिक, भयरहित, शान्त र सुरक्षित अवस्थाको सिर्जना गर्न कांग्रेस क्रियाशील रहेको उल्लेख गरे ।

सभापति देउवाले विसं २००३ सालमा कांग्रेसको नेतृत्वमा विराटनगरमा मजदुरको पहिलो ऐतिहासिक आन्दोलन गरेको उल्लेख गर्दै तत्कालीन सरकारले त्यो आन्दोलनलाई निर्ममतापूर्वक दबाउने नीति अख्तियार गरेर जननायक बीपी कोइरालालगायत धेरै नेताहरुलाई पक्राउ गरेको बताए । नेपालमा प्रजातन्त्रको स्थापना अथवा २००७ सालको ऐतिहासिक जनक्रान्तिको प्रस्थानविन्दु त्यही मजदुर आन्दोलन भएको उल्लेख गर्दै उनले कांग्रेस र मजदुर सधैँ एक अर्कामा सहयोगी भएको कुरा बताए । विसं २०१६ मा कांग्रेसको जननिर्वाचित सरकारले नै कारखाना र मजदुरसम्बन्धी कानुनको तर्जुमा गरेर, मजदुरलाई कानुनसम्मत अधिकार प्रदान गरेको स्मरण गराए ।

सभापति देउवाले आज पनि नेपालका श्रमजीवीहरूले अनेक समस्या बेहोरिरहनुपरेको उल्लेख गरे । यो ऐतिहासिक दिनमा नेपाल तथा विश्वभर छरिएर रहेका सम्पूर्ण नेपाली श्रमजीवीमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका छन् । मे १ तारिख मजदुर वर्गले लामो सङ्घर्षपछि आफ्नो अधिकार प्राप्त गरेको एक ऐतिहासिक दिन हो ।

सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै मजदुरहरुले गरेको आन्दोलनको सफलताको स्मरण गर्दै यो दिनलाई संसारभरिका मजदुरले अन्तर्राष्ट्रिय श्रमिक दिवसका रुपमा मनाउँदै आएका छन् । नेपालमा पनि श्रमिक अधिकारको रक्षा र प्रवद्र्धनका लागि सबैलाई जागरुक बनाइराख्ने अवसरका रुपमा यो दिवस मनाईंदै आइएको छ ।

# क्षमताभन्दा तेब्बर कैदीबन्दी

**रासस**
**चितवन ।**
जिल्ला कारागार कार्यालय चितवनमा कैदीबन्दीको चाप बढेपछि ५७ जनालाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको छ । वैशाख ११ गतेदेखि १३ गतेसम्म चार जिल्लामा रहेका विभिन्न कारागारमा उनीहरुलाई स्थानान्तरण गरिएको हो । कार्यालय प्रमुख कमलप्रसाद आचार्यका अनुसार ३० जना भीमफेदी कारागार कार्यालय मकवानपुर, १० जना वीरगंज कारागार, नौ जना नवलपरासी (बर्दघाटसुस्ता पश्चिम), आठ जनालाई सर्लाहीमा स्थानान्तरण गरिएको छ । क्षमताभन्दा तेब्बर कैदीबन्दी भएपछि उनीहरुलाई स्थानान्तरण गरिएको उनले बताए ।

अहिले कारागार कार्यालय चितवनमा सात सय ३० जना कैदीबन्दी छन् । दुई सय ५५ जना पुरुष कैदीबन्दीको क्षमता रहेको बन्दीगृहमा अहिले छ सय ९० जना र २५ जना क्षमता रहेको महिला बन्दीगृहमा ३९ जना छन् । उनीहरुसँग आश्रित चार जना बालबालिका छन् । ‘बढ्दो गर्मी र कैदीबन्दीको चापका कारण सरुवा रोगको समस्या हुने भएकाले उनीहरुलाई स्थानान्तरण गरिएको हो,’ प्रमुख आचार्यले भने ।

कारागारमा छिमेकी जिल्ला नवलपरासी (बर्दघाटसुस्ता पूर्व)बाट समेत कैदीबन्दी आउने हुँदा चाप बढ्ने गरेको उहाँको भनाइ छ । उनका अनुसार यस आर्थिक वर्षमा पटक–पटक गरी एक सय चार कैदीबन्दी स्थानान्तरण गरिएको छ ।

**‘प्यारोल’ अन्तर्गत पाँच जना कैदी रिहा**

कारागारमा कैद भुक्तान गर्दै आएका पाँच जना कैदी रिहा भएका छन् । कारागार व्यवस्थापन विभागले ‘प्यारोल’ अन्तर्गत रिहा गर्न प्रक्रिया सुरु गर्ने परिपत्र पठाएअनुसार उनीहरु रिहा भएका हुन् । प्रमुख आचार्यका अनुसार उनीहरुलाई जिल्ला अदालत चितवनको आदेशमा वैशाख १६ गते रिहा गरिएको हो । रिहा हुनेमा चितवनका चार जना र मकवानपुरका एक जना छन् ।

जिल्लामा पहिलोपटक सुरु भएको यो प्रक्रियामा कैद अवधिमा दुई तिहाइ भुक्तान गरेपछि तोकिएको मुद्दामा चालचलन राम्रो भएका कैदीलाई प्यारोलअन्तर्गत रिहा गरिएको उनले बताए ।

रिहा भएका कैदी घर गएर बस्न र घरायसी काम गर्न पाउने भए पनि जिल्ला बाहिर जाँदा कारागार प्रशासनसँग अनुमति लिएर जानुपर्ने हुन्छ । उनीहरु हरेक १५–१५ दिनको फरकमा कारागार प्रशासनमा तारेखका लागि आउनुपर्ने हुन्छ । प्यारोल अधिकृतको निगरानीमा रहने गरी उनीहरुलाई रिहा गरिएको उनले बताए । उनले भने, ‘निश्चित सर्तको अधिनमा कैदीलाई रिहा गरिन्छ । सर्त उल्लङ्घन भएमा पुनः कारागारमा ल्याई बाँकी कैद भुक्तान गराइन्छ ।’

फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ अनुरुप ‘प्यारोल’ कार्यविधि पास भएसँगै २०८० कात्तिक १ देखि कार्यान्वयनमा आए पनि जिल्ला पहिलोपटक अभ्यास गरिएको हो । फौजदारी कसुर सजाय निर्धारण ऐन, २०७४ को दफा ३९ को व्यवस्थाअनुसार सरकारले जन्मकैद, भ्रष्टाचार, जबर्जस्ती करणी मानव बेचबिखन, सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण, क्रूर अमानवीय यातना, मानवताविरूद्धको अपराध, राज्यविरूद्धको अपराधबाहेक एक वर्षभन्दा बढी कैद सजाय पाएका असल आचरण भएका कैदीलाई दुईतिहाइ कैद भुक्तान गरेपछि प्यारोलमा राख्न सकिने छ । प्यारोलको सुविधा पाउनेले समाजमा बस्दाको अवधि समेत कैद भुक्तान भएको मानिने छ । गत पुसदेखि कार्यान्वयनमा आएको प्यारोल सुविधा नेपालको जेल प्रणालीमा नयाँ प्रयोग हो ।

# १८ करोड ६७ लाखका पाठ्यपुस्तक बिक्री

**रासस**
**जनकपुरधाम ।**
जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय जनकपुरधामले विगत एक महिनामा १८ करोड ६७ लाख रुपैयाँ मूल्य बराबरको पाठ्यपुस्तक बिक्री गरेको छ ।नयाँ शैक्षिक सत्र तथा विद्यार्थी भर्ना अभियान २०८१ अन्तर्गत कार्यालयले यो मूल्य बराबरको पाठ्यपुस्तक बिक्री वितरण गरेको हो । चैत १३ गतेबाट किताब बिक्री सुरु गरेको कार्यालयले हालसम्म १३ लाख ५१ हजार थान पाठ्यपुस्तक बिक्री गरेको हो ।

कार्यालय प्रमुख रुद्र खनालले नयाँ शैक्षिक सत्र शुरु भएपछि कार्यालयले आफ्ना थोक बिक्रेतालाई सहजरुपमा पाठ्यपुस्तक उपलब्ध गराइरहेको बताए । कार्यालयले गतवर्ष विद्यार्थी भर्नाका समयमा २७ करोड ६० लाख रुपैयाँ मूल्य बराबरको २१ लाख थान पाठ्यपुस्तक बिक्री वितरण गरेको थियो ।

अहिले कार्यालयमा सात करोड १४ लाख रुपैयाँ बराबरको छ लाख २४ हजार थान पुस्तक मौज्जात रहेको उनले जानकारी दिए । कार्यालय प्रमुख खनालले यस वर्ष पुस्तकको अभाव नहुने जानकारी दिए । शुरुशुरुमा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक बिक्री गरिए पनि पछिल्ला समय मधेशका जिल्लामा समयमा पाठ्यपुस्तक बिक्री वितरण गरिएको हो ।कार्यालयले आफ्ना सूचीकृत भएका ८२ पुस्तक बिक्रेतामार्फत कक्षा ५ देखि कक्षा १२ सम्मका पुस्तक बिक्री वितरण गर्दैआएको छ । कार्यालयले ओखलढुङ्गा, खोटाङ, उदयपुर, सिन्धुली तथा मधेश प्रदेशका जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गराउँदै आएको जनाएको छ ।

स्थानीय पालिकाले सो पुस्तकको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने तथा विद्यालयले उक्त पुस्तक आफ्ना विद्यार्थीलाई निशुल्क उपलब्ध गराउँदै आएको छ । सरकारले विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराए पनि कतिपय विद्यालयले अभिभावकसँग रकम लिएर पुस्तक दिने गरेको गुनासोसमेत उठ्न थालेको जनाइएको छ । कार्यालय प्रमुख खनालले आफू नियमन गर्ने निकाय नभए पनि तोकिएको मूल्यभन्दा बढीमा पाठ्यपुस्तक बिक्री गरेको पाइएमा त्यस्ता बिक्रेतालाई कालोसूचीमा राखी कारबाही गरिने जानकारी दिए । अहिले मधेशका केही जिल्लामा निजी विद्यालयले ‘कमिसन’को लोभमा तोकिएको पसलबाट पुस्तक तथा पोसाक खरिद गर्न लगाउने गरेको अभिभावकको गुनासो रहेको पाइएको छ ।

# श्रमिकको नीतिगत व्यवस्थाको कार्यान्वयन आवश्यकः राष्ट्रियसभा अध्यक्ष

**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले श्रमिकको हितसँग जोडिएका नीतिगत तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा शुभकामना सन्देश दिदै अध्यक्ष दाहालले श्रमिकको हितका लागि निर्माण गरिएका नीतिगत व्यवस्थालाई कार्यान्वयन गरिनुपर्ने बताएका हुन् ।



शुभकामना सन्देश दिदै उनले भने, ‘श्रमिक वर्गको हितका लागि रोजगारीको ग्यारेन्टी, व्यावसायिक सुरक्षा, स्वास्थ्योपचार, कार्यस्थलमा मर्यादित र मजदुरमैत्री वातावरण, समयमा पारिश्रमिक प्रदान गर्नुपर्ने विषयमा राज्यका निकाय गम्भीर बन्नै पर्दछ । मजदुरको सामाजिक सुरक्षा, कार्यस्थलमा सुरक्षाका लागि बीमालगायतका लोककल्याणकारी सेवा प्रवाहको क्षेत्रमा राज्यले नीतिगत व्यवस्थाका साथै कार्यान्वयनको तहमा लैजानुपर्दछ ।’

नेपालको संविधानले प्रत्येक श्रमिकलाई श्रमअनुसारको ज्याला, सुविधा तथा सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको तथा श्रमिक वर्गको पक्षमा थुप्रै ऐन कानुनहरू बनेको उल्लेख गर्दै अध्यक्ष दाहालले श्रमिकका पक्षमा बनेका कानुन र संविधानप्रदत्त हक कार्यान्वयन भएमा मात्रै श्रमिक दिवस मनाउनुको सार्थकता हुने उल्लेख गरे ।

नेपालका राजनीतिक परिवर्तनका लागि श्रमिक तथा मजदुर वर्गले महत्वपूर्ण भूमिका निर्वाह गरेको पनि उनले बताएका छन् । ‘नेपालमा श्रमजीवी जनसमुदायले आफ्नो अधिकारका निम्ति विभिन्न कालखण्डमा सङ्घर्ष र बलिदानका अनेकौँ कीर्तिमान कायम गरेका छन्’, दाहालको शुभकामना सन्देशमा भनिएको छ, ‘किसान, मजदुरसहित सबै उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका जनताको सङ्घर्ष र बलिदानको कीर्तिमानकै कारण आज देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ ।’

अन्तर्राष्ट्रिय श्रमिक दिवसले समस्त श्रमिकहरूलाई पेसागत हक हित र अधिकारका लागि सङ्गठित र एकताबद्ध भई अघि बढ्न प्रेरणा मिल्ने मैले विश्वास पनि उनले व्यक्त गरे । पहिलो पटक सन् १८८६ मई १ का दिन अमेरिकाको शिकागो सहरका मजदुरले आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको मागसहित आन्दोलन गरेका थिए ।

त्यही दिनको स्मरण गर्दै नेपाललगायत विश्वभरका मजदुरले १ मे लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसका रुपमा मनाउँदै आएका छन्

# अग्निपीडित परिवारलाई नगद हस्तान्तरण

**रासस**
**भोजपुर ।**
भोजपुरका दश अग्निपीडित परिवारलाई राहत रकम हस्तान्तरण गरिएको छ । पीडितपरिवारलाई विदेशमा रहेका नेपालीबाट सङ्कलित दुई लाख ८३ हजार आठ सय १० रुपैयाँ हस्तान्तरण गरिएको हो । गत चैत ३ गते भोजपुर नगरपालिका–१२ टक्सारका पाँच परिवार र वैशाख ११ गते सोही नगरपालिका–८ पोखरेका पाँच परिवारलाई राहत रकम हस्तान्तरण गरिएको छ । कोशी प्रदेशसभा सदस्य विनोद वान्तावाले पीडितलाई प्रतिपरिवार २८ हजार तीन सय ७१ रुपैयाँका दरले राहत हस्तान्तरण गरेको हो । हङ्कङ–भोजपुर सेवा समाजका अध्यक्ष इन्द्रराज श्रेष्ठको पहलमा रकम सङ्कलन गरिएको हो । गर्न आवश्यक छ ।’ यसैबीच जिल्ला कारागारका बन्दीलाई रामप्रसादराई गाउँपालिकाले सोलार सेट हस्तान्तरण गरेको छ ।

गाउँपालिकाले ७० हजार रुपैयाँ बराबरको ‘सोलार सेट’ वितरण गरेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले जानकारी दिए । कारागारमा चार महिला, एक बालक र एक सय तीन पुरुष गरी एक सय आठजना बन्दी छन् ।

# नबिल बैंकमा रकम चोरी प्रकरण...

बाकसमा राखिएका १ सय र २० कासहित १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरी भएको पाइयो,’ थापाले भने, ‘चोरले टिनको बाकस वेल्डिङ गर्ने मेसिनले काटेर रकम झिकेर लगेको पाइएको छ ।’ उनले बैंकको तिजोरी (भल्ट) भित्र पनि रकम भएको तर त्यो रकमसहितको तिजोरी सुरक्षित रहेको जानकारी दिए । थापाका अनुसार, नबिल बैंकको शाखामा राति सुरक्षा गार्ड बस्दैनन् । सुरक्षा गार्डसमेत नभएको मौका छोपेर चोरले बैंकको रकम चोरी गरेको बैंकमा ताला मारेर हिँडेको पाइएको छ ।

प्रहरीले सिसिटिभी क्यामेरामा रेकर्ड भएको भिडियोमा चार–पाँच जनाको संख्यामा रहेका चोरले मूलगेटको ताल्चा फुटाएर बैंकभित्र प्रवेश गरेर टिनको बाकसमा राखिएको रकम बोरामा हालेर लगेको देखिएको जनाएको छ । रकम चोरेर बैंकबाट निस्केका चोरहरुले मूलगेटमा अर्कै नयाँ ताल्चा लगाएर हिँडेको समेत सिसिटिभीमा कैद भएको छ । मंगलबार बैंकका शाखा प्रमुख पौडेलले बैंकमा चोरी भएको घटनाबारे जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए । प्रहरी अनुसन्धान गरिरहेको छ । चोरीपछि बैंकको कारोबार सोमबारदेखि बन्द गरिएको छ । सोमबार बैंकले सूचना टाँसेर कारोबार बन्द गरिएको र आफ्ना ग्राहकलाई पावर हाउस शाखाबाट कारोबार गर्न अनुरोध गरेको थियो । अघिल्लो वर्ष जेठ १८ गतेदेखि बाइपास सडकस्थित शाखाबाट बैंकले सेवा दिन थालेको थियो ।

# आजपाले फेरि भन्सार घेर्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)ले वैशाख २० गते भन्सार विभाग घेराउ गर्ने जनाएको छ । मंगलबार भएको काठमाडौँ उपत्यका विशेष कमिटी बैठकले भन्सार विभाग घेराउ गर्ने निर्णय गरेको हो । पार्टी अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्यमा भएको बैठकमा भन्सार कानुनमा रहेको कथित ४५% पुरस्कारको लूटकारी प्रावधानविरुद्ध निर्णायक आन्दोलन गर्ने निर्णय गरेको देवी पण्डितले बताए । बैठकले पार्टी संगठन विस्तार कार्ययोजनासमेत निर्माण गरेको छ ।

भन्सार नियन्त्रणका नाममा तराई क्षेत्रको जनताको निजी सम्पत्ति लुट्ने काम बन्द गर्न र भन्सार कानुनमा रहेको कथित ४५% पुरस्कारको लुटकारी प्रावधान हटाउन ६ महिना अघिदेखि आजपाले संघर्ष गर्दै आएको छ । देशको समृद्धि एवम् सीमा क्षेत्रका जनताको भविष्यसँग जोडिएको महत्वपूर्ण विषयमा आजपाले जनताको सहयोग पनि मागेको छ ।

# १२ बजे ४१ डिग्री ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा अत्यधिक तापक्रम बढेकाले जनजीवन प्रभावित बनेको छ । दिउँसो १२ बजेपछि तापक्रम ४१ डिग्री सेल्सियस भन्दा बढी हुने गरेकाले जनजीवन प्रभावित भएको हो । चर्को गर्मीका कारण बजार क्षेत्रमा चहलपहल कम भएको छ । अत्यधिक गर्मीका कारण खुला आकाशमा काम गर्ने मजदुर पनि प्रभावित भएका छन् । तापक्रम वृद्धिसँगै तातो हावाका कारण घाउखटिरा आउने, शरीर चिलाउने, टाउको दुख्ने, रिँगटा लाग्ने, ज्वरो आउने लगायतका स्वास्थ्य समस्या जनमानसमा देखिन थालेका छन् । बढ्दो गर्मीसँगै उपचारका लागि आउने बिरामीको संख्या बढेको मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।
अत्यधिक गर्मी बढेका कारण बालीनाली सुक्न थालेका छन् । तरकारी बाली प्रभावित भएको छ । कतिपय चापाकलमा पानी आउन बन्द भएको छ । अत्यधिक गर्मीका कारण चिसो पेय पदार्थका साथै खरबुजा, काँक्रो, सातु, निमुपानी, कुल्फी, आइसक्रिमलगायतका खाद्यपदार्थको बिक्री बढेको छ ।

# नेपालीको रोटी र रोजगारी ग्यारेन्टी हुनुपर्छ



राघवेन्द्र साह

१३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा श्रमिक वर्गको समस्यातर्फ ध्यान केन्द्रीत गराउने उद्देश्य अनुरुप आज सबैले लाग्नु पर्दछ र श्रम दिवसको अवसरमा विश्वभरिका हरेक श्रमिकहरुका जीवन सुखमय होस् हाम्रो हार्दिक शुभकामना छ । १३५ वर्ष पूर्व कामको समय तोक्न र उचित पारिश्रमिकको मागमा सीमित श्रमिक दिवसमा अब विश्वव्यापीकरण र पूँजीवाद बिरोधजस्ता मुद्दा समावेस पनि भएका छन् । कतिपय स्थानमा त यु्द्ध विरुद्ध मत जाहेर गर्न पनि यस अवसरलाई प्रयोग गरिएको पाइन्छ । बेलायतमा कैयौँ सङ्गठनहरूले गरेको पूँजीवादीहरूको विरोधमा गरेको ठूलो प्रदर्शन, इन्डोनेशीयाका मजदुरहरूको अधिकारको हनन् गरेको आरोपमा राष्ट्रपतिको राजिनामाको माग राख्दै गरेको प्रदर्शन साथै जर्मनीमा ट्रेड युनियनहरूले चान्सलर गेर्हार्ड श्रोडरको आर्थिक सुधार र चेक गणराज्यमा मनाइएको श्रमिक दिवसका साथै भेलेन्टाइन डे पनि मनाएबाट यस दिवसले आफ्नो उत्सवको स्वरुपमा विभिन्न परिवर्तन गर्दैछ भन्ने संकेत पनि गरेको छ । श्रम दिवसको आज जुन स्वरुपहरु देख्न पाइएको छ वास्तवमा प्रारम्भिक समयमा यस्तो थिएन भन्ने कुरा थोरैलाई जानकारी छ ।
श्रम दिवस अथवा मे दिवस मनाउने परम्परा मध्यकालीन युरोपमा सुरु भएको थियो जतिबेला यसको उद्देश्य बसन्त आगमनको स्वागत थियो । अर्थात मेपोल फूल फुलेकोमा हर्षोल्लासले भरिएको समारोह सायद त्यसैले पनि यसको नाम मे दिवस दिइएको थियो ।
पछि क्याथोलिक चर्चले यस समारोहलाई बन्देज लगाइदियो तथापी किसानहरूले अठारौँ शताब्दीको अन्तसम्म यसलाई मनाइरहे ।श्रमिक दिवसको वर्तमान स्वरुप अर्थात कामकाजको समय र विदाजस्ता विषय उन्नाइसौँ शताब्दीको उत्तरार्धमा भएको थियो।
सन् १८८६ मे १ मा अमेरिका र क्यानडामा कर्मचारीहरुका लागि कामको आठ घन्टा सुनिश्चित गर्ने मांग राख्दै विभिन्न स्थानमा प्रदर्शन र हड्ताल भएको थियो ।
शिकागोमा पुलिसले हड्ताली कर्मचारीविरुद्ध गोली चलायो जसमा छ जनाको ज्यान गएको थियो । यस अगाडि एउटा पुलिसविरुद्ध भएको प्रदर्शनमा बम प्रहार गरेर आठजना पुलिसलाई मारियो । यो त्यतिबेलाको कुरा हो जतिबेला ट्रेड युनियन अस्तित्वमा मात्र नआइ त्यो दरिलो पनि हुँदैगइरहेकोथियो ।
वेतन र भत्तामा बृद्धि, कार्यालय र कारखानामा राम्रो स्थिति र कामका लागि सीमित घन्टाको मांगले सशक्त रुप लियो र मजदुर सङ्गठन त्यसका लागि सङ्गठित हुन थालेका थिए ।
मे १– १८८६ मा लगभग पाँचलाख व्यक्ति एउटा स्थानमा एकत्रित भएर उठाएको आवाज र त्यसमा गोली चलाउनु र गोलीबाट भएको मृत्युले सबैलाई क्षुब्ध पा¥यो । सायद त्यसै दिनलाई मे दिवसको रुपमा बनाइदियो। सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम सङ्गठन एवं श्रमिक नेताहरुको वैठकले मे १ लाई विश्व मजदुर दिवसका रुपमा मनाउन निर्णय गरेअनुरुप यो दिवस विश्वभर मनाउने गरिएको हो । विस्तारै–विस्तारै यस दिवसलाई मजदुर वर्गको हिमायती र मालिकलाई शोषणकारी देखाउन एक मञ्चको तवरमा प्रयोग गर्न थालियो । आज यस दिवसले व्यापक स्वरुप लिइसकेको छ । लन्डनको हाइड पार्कमा सन् १९२५ मा आयोजित मे दिवस समारोहमा केही भारतीय सामेल भएपछि यो अवधारणा भारतमा आएको हो र भारतमा सन् १९२७ मा प्रथमपटक यो दिवस मनाउन थालिएको हो ।
नेपालमा राणा समयमा यो दिवस मनाउन छुट थिएन तर विक्रम सम्वत् २००७ सालको क्रान्ति पछि मात्र यो आफ्नो अस्तित्वमा आएको हो । विश्व मानचित्रमा भएका कतिपय परिवर्तन र जनताका अधिकारका लागि भएको संघर्षमा विशिष्ट योगदान पु¥याउने श्रमिकहरूले समस्याबाट मुक्त जीवनको स्वर्णिम समयमा कहिले पुग्ने हुन् थाहा छैन तर यो सत्य हो कि उनीहरूको महानताको कदर र गुणगानमा उनीहरूको आन्दोलनलाई शिथिल तुल्याउने उत्सवरुपी यो खेलको निरन्तरता भने चलिरहनेछ ।
मजदुर महिमा र उनीहरूको आर्थिक जीवनका लागि सहानुभूतिस्वरुप मे १८८६ को संघर्षको सम्झना र राष्ट्रिय पर्वको रुपमा यो दिवस अहिले पूँजीवादी र साम्यवादी दुवैका लागि प्राच्य भएको छ । साम्यवादी रुसका राष्ट्राध्यक्ष खुरश्चेवले पूँजीवादी मुलुक अमेरिकाका मजदुरहरूको आर्थिक अवस्थाको तुलनामा आफ्ना मुलुकका श्रमिकको अवस्थाप्रति निराश भएर अमेरिकाका मजदुर काममा जाँदा कारमा चढेर जान्छन् तर हाम्रा मजदुरहरू भने पाउरोटीको समेत जोगाड पूर्णरुपमा गर्न सक्तैनन् भनेर भनेका थिए ।
आज मे दिवस अथवा श्रमिक दिवस जे भनौँ के मजदुरहरूको जीवन बीचको यो दूरी हटाउन आजको विश्व सक्षम छ ?
आज बेरोजगार लाखौ नेपालीहरु कामको लागि अन्यत्र जाने गरेकाले हाम्रा सत्ताधारीहरुले देशमै रोजगार उपलब्ध गराउने दिशामा लाग्नु पर्दछ र हरेकको रोजगारी र भोजनको ग्यारेन्टी नयाँ नेपालको संविधानमै अंकित गर्नुपर्दछ । अनि मात्र हामीले मजदुर दिवस मनाएको सार्थक हुन सक्छ ।

# पत्रकार विनय मृत्यु प्रकरण...

छ । तर, पीडित परिवारले दुर्घटनाको नामै सुन्न चाहेको छैन । हत्यालाई दुर्घटना भन्न नसकिने अडान लिँदै परिवारले मुद्दा दर्ता भए कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिन तयार रहेको बताउँदै आएको छ । प्रहरी र पीडित परिवारबीच कुरा नमिल्दा घटनाको एक हप्ता बितिसक्दा पनि जाहेरी दर्ता हुनसकेको छैन ।
‘घटनास्थलको प्रकृति, शवको अवस्था र दुर्घटनामा परेको भनिएको मोटरसाइकलको अवस्था हेर्दा कुनै पनि दृष्टिकोणले विनयको मृत्यु दुर्घटनामा भएको जस्तो लाग्दैन,’ मृतक विनयका भाई शंकर यादवले मधेशदृष्टिसँग भने, ‘वारदातको समय सँगै रहेका विनयका आफ्नै गाउँले ललन भनिने लक्ष्मीनारायण यादवको दुईथरी बयान र उनलाई जोगाउन विभिन्न स्तरबाट आइरहेको दबाबले झन् घटनामा शंका गर्ने आधारको दायरा बढ्दै गइरहेको छ ।’
प्रहरीले भने पत्रकार विनयको मृत्युसम्बन्धी घटनाको सुक्ष्म अनुसन्धानमा लागेको दाबी गरिरहेको छ । ‘घटनास्थलको प्रकृति र प्रारम्भिक अनुसन्धानबाट विनयको हत्या भएको भन्ने आधार भेट्न सकेका छैनौँ । त्यसैले तत्काल सवारी ज्यानसम्बन्धी जाहेरीका आधारमा मुद्दा चलाएर थप अनुसन्धान जारी राख्नुपर्ने देखिन्छ,’ जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी रञ्जन अवा भन्छन्, ‘पछि हत्याको सबुत प्रमाण फेला परे मुद्दा कर्तव्य ज्यानसम्बन्धी कसुरमा बदलेर कारबाही प्रक्रिया अगाडि बढाउन पनि सकिन्छ ।’
घटनाको एक हप्ता बितिसक्दा पनि जाहेरी नआउँदा घटनाको तहगत अनुसन्धानमा सहयोग पाउन नसकिरहेको बताउँदै घटनासम्बन्धी अनुसन्धान प्रक्रियाको नेतृत्व सम्हालिरहेका इन्स्पेक्टर नवराज खड्काले तथ्यहीन मिडियाबाजीले अनुसन्धान प्रक्रिया प्रभावित भइरहेको गुनासो गरे । ‘हामीले गर्ने अनुसन्धानको दायरा निकै फराकिलो हुन्छ । आजको भोलि अनुसन्धान सकिने पनि होइन । यो निश्चित मापदण्ड फलो अप गर्दै जाने भएकाले प्रक्रियामा सहयोग गर्नुस् भनेको हौँ हामीले,’ इन्स्पेक्टर खड्का भन्छन्, ‘विनयको मृत्यु प्रकरणबारे मिडियामा आइरहेको जस्तो हाम्रो अनुसन्धानले अहिलेसम्म केही भेटेको छैन ।’ घटना शंकास्पद भएको भने उनले स्वीकारे । ‘शुरुमा विनय नै मोटरसाइकल चालक रहेको भनिएको थियो । हामीले तहगत अनुसन्धान गर्दै जाँदा विनय होइन, अहिले हाम्रो नियन्त्रणमा रहेका लक्ष्मीनारायण यादवले मोटरसाइकल चलाएको भन्ने ९० प्रतिशत प्रमाणित भइसक्यो । अनुसन्धान जारी छ ।’
घटनाको समय विनयसँग एउटै मोटरसाइकलमा रहेका लक्ष्मीनारायणले घटनापछि विनयले मोटरसाइकल चलाइरहेको अवस्थामा दुर्घटना भएको बयान दिएका थिए । प्रहरीले भने दुर्घटनाअगाडि विनयलगायत टिमले खाजा खाएको होटलका सञ्चालक र सडक सुरक्षा चेकजाँचमा खटिएको प्रहरी (लालगढस्थित होटलबाट जनकपुरतर्फ मोटरसाइकलमा फर्कंदै गरेको बेला विनय सवार रहेको मोटरसाइकल रोकेर चेकजाँच गर्ने) सँग सोधपुछ गर्दा दुर्घटना भएको बेला विनयले नभएर लक्ष्मीनारायणले मोटरसाइकल चलाएको बुझिएको इन्सपेक्टर खड्काको भनाइ छ ।
जिल्ला प्रहरी प्रमुख एसपी भुवनेश्वर तिवारीले पत्रकार विनय यादवको मृत्यु प्रकरणबारे प्रहरीको अनुसन्धान प्रक्रियामा रत्तिभर शंका नगर्न आग्रह गरे । ‘घटना के हो ? कसरी भयो ? दोषी को को हुन् ? पत्ता लागेपछि सबैलाई कानूनको दायरामा ल्याइछाड्ने हाम्रो कर्तव्य हो,’ एसपी तिवारीले भने, ‘हामी कर्तव्य पालनामा पूर्ण इमान्दार छौँ ।’ प्रहरीले कुनै पनि घटनाको अनुसन्धान गरी दोषी ठहर हुने जो कोही भए पनि कारबाहीको दायरामा ल्याउने विषयमा दृढसंकल्पित रहेको जिकिर गर्दै उनले निर्दोष व्यक्तिले अनाहक यातना भोग्न नपरोस् भन्ने विषयमा पनि सबै पक्षलाई संवेदनशील हुनुपर्ने बताए ।
घटनालगत्तै सोही स्थानबाट विनयसँगै दुर्घटनामा परेका लक्ष्मीनारायणले विनयसँग पहिलेदेखि नै रिसइबी साँध्न खोजेका व्यक्तिलाई बारम्बार फोन गरेको, होटलमै रहेका बेला विनयको आँखा छलेर उनको झोलाबाट लक्ष्मीनारायणले सेतो रंगको देखिने दुई थान अज्ञात बस्तु झिकेको र होटलबाट निस्कनु अगाडि विनयले श्रीमतीलाई भ्वाइस म्यासेज गरेकोलगायतका विषयमा पनि सुक्ष्म अनुसन्धान भइरहेको डिएसपी अवाले बताए ।

# दोषी समातिए पनि माग...

प्रहार गरिँदा मिथिला नाट्यकला परिषद्का कलाकार रञ्जु झा, सुरेश उपाध्याय, दीपेन्द्र दास, झगरू मण्डल र विमल शरणको ज्यान गएको थियो । अन्य दुई दर्जन घाइते भएका थिए । बम विष्फोटमा रिमोट कन्ट्रोल प्रयोग गरिएको थियो । विष्फोटपछि मधेशमा क्रियाशील विभिन्न भूमिगत समूहले घटनाको जिम्मेवारी लिए । उनीहरुले घटनाका निहुँमा आफ्नो आतंक राज्यले थाहा पाउने गरी देखाउन नै जिम्मेवारी लिने होडबाजी देखिएपछि प्रहरी अनुसन्धान टोलीले भने तराई जनतान्त्रिक पार्टी मधेश नाम गरेको भूमिगत संगठनका अध्यक्ष मुकेश चौधरी, ओमप्रकाश यादव, राजन मुक्ति भन्ने रञ्जीत झा, मुकेश कर्ण, जयप्रकाश चौधरी, सुरेश कुमार कर्ण, मुकेश कुमार कर्ण र दीपेन्द्र झाको घटनामा संग्लनता रहेको भन्दै केहीलाई पक्राउ गरेर अनुसन्धान कार्य अगाडि बढायो । अनुसनधानमा घटनाका मुख्य योजनाकार धनुषाका तत्कालीन सांसद एवम् पूर्वराज्यमन्त्री संजयकुमार साहको नाम आयो ।
पूर्वराज्यमन्त्री साह २०६४ को चुनावमा विजय कुमार गच्छेदार नेतृत्वका फोरम लोकतान्त्रिक पार्टीबाट धनुषा क्षेत्र नम्बर ४ बाट विजयी भएका थिए । यसैगरी, दोश्रो संविधानसभा चुनावमा राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीका तर्फबाट धनुषा क्षेत्र नम्बर ३ बाट विजयी भएका थिए ।
भूमिगत समूहमा सक्रिय रहेका मुकेश चौधरीले बम विस्फोट गराउनेबारे तत्कालीन सांसद साहसँग भएको कुराकानीको टेप सार्वजनिक गरेपछि घटनामा उनको नाम आएको थियो ।
घटनाका नाइके भनिएका मुकेश चौधरी पक्राउ परेपछि तत्कालीन सांसद साहको समेत पोल खुलेको थियो । चौधरी लगत्तै पक्राउ परेका ओमप्रकाश यादवले पनि जीवनाथ चौधरीको हत्याका लागि रामानन्द चोकमा संजयले विस्फोट गराउन लगाएको बयान दिएका थिए । त्यस्तै, ओमप्रकाश यादव पक्राउ परेको सूचना पाएलगत्तै तत्कालीन सांसद संजय कोठामै मोबाइल छाडेर काठमाडौँ छाडेका थिए भने आफ्ना सहयोगीमार्फत जनकपुरमा सम्पर्क गरिरहदाँ संजयलाई विस्फोट भएको दुई वर्षपछि प्रहरीले दिल्लीबाट पक्राउ गरेको थियो ।
तत्कालीन प्रहरी नायब महानिरीक्षक उपेन्द्रकान्त अर्याल संयोजकत्वको समितिले प्रारम्भिक अध्ययनपछि अञ्चल प्रहरी कार्यालय जनकपुरमा गरेको पत्रकार सम्मेलनमा विस्फोटमा राजनीतिक संलग्नता रहेको आशंका व्यक्त गरेका थिए । पछि सरुवा भएर जनकपुर पुगेका तत्कालीन प्रहरी उपरीक्षक उत्तम सुवेदीले अर्याल समितिमा सदस्य रहेका तत्कालीन प्रहरी निरीक्षक गोविन्द पुरीको नेतृत्वमा विस्फोटन घटना सुल्झाउन दर्जनौँ अपरेसन चलाएका थिए । घटनामा संग्लन साहसहित १० जनालाई जन्मकैदको सजाय जिल्ला अदालतले सुनायो । अन्ततः साह र जीवनाथको निजी विवादका कारण घटना भएको भन्दै प्रहरीले साहलाई सजाय दिलाउदै घटनाको फाइललाई बन्द गरियो ।
तर घटनाको भएको १२ वर्ष बितिसक्दासमेत अहिले घटना स्मरण गर्दा घाइतेहरु भावुक बन्छन् । घटना भएका दिन धिरेन्द्र मोहन झाले आफ्नो हातको तिन औँला गुमाए । उनले त्यो दिनलाई स्मरण गर्दै भने, ‘हामी शान्तिपूर्णरुपमा धर्नामा थियौँ, एक्कासी विष्फोट भयो, को कहाँ ढले, थाहा छैन, पछि होस आउदा अस्पतालको शैयामा पाएँ । हातको तिन वटा औँला गुमिसकेछन् ।’ झाले पीडा निकै भएपछि यस प्रदेशको नाम मधेश राख्दा आफूसहित सबै घाइतेलाई पीडा बोध भएको बताए । उनले अझै पनि मिथिला नाम हुनेमा आशावादी रहेको बताए ।
मिथिला राज्य संघर्ष समितिका अध्यक्ष रहेका परमेश्वर कापडिको समेत घटनामा कानको केही भागमा क्षति पुग्यो । उनले भने, ‘जति पीडा घाइते हुँदा भइनँ, त्यति पीडा प्रदेश नामकरण मधेश हुँदा भएँ । अहिलेको संरचना मधेशको नभएर मिथिलाको नै भएकाले नामाकरणबाट दुँखी भयौँ ।’ उनले नामकरण गरिँदा प्रदेश सरकारले संस्कृति र भाषिक पक्ष ख्याल नगर्दा मधेस जस्तै नदेखिएको र सम्पूर्ण तराईलाई मिलाएर एक प्रदेश बनाई त्यसको नामाकरण मधेश बनाउदा खुसी लाग्ने तर त्यो नभए मिथिला बनाउनु पर्ने जिकिर गरे ।
त्यसैगरी मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले राज्यले आन्दोलनपछि आफूहरुको माग सम्बोधन गर्ने सहमतिसमेत गरेको बताउँदै नामकरणमा सहमतिसमेत ख्याल नगरेको बताए । उनले मधेश प्रदेश सरकारलाई नामकरणमा गम्भीरता नदेखाए पनि प्रदेशको भाषा मैथिली बनाउन अग्रसरता देखाउन माग गरे । उनले भने, ‘ढिलोचाँडो प्रदेशको नामकरण मिथिला हुन्छ भन्नेमा हामी आशावादी छौँ ।’


## गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो





- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

जनहितमे जारी सन्देश

Tv BIRGUNJ · RADIO Birgunj FM · मधेशदृष्टि राष्ट्रिय दैनिक · 95.5 FM


# जरलहवागाछीका अग्निपीडितलाई बासको आश

**रासस**
**महोत्तरी ।**
जिल्लाको मटिहानी नगरपालिका–६ जरलहवागाछीका एक सय १० परिवार अग्निपीडितलाई सुरक्षित बासको टडकारो आवश्यकता छ । अग्निपीडितका लागि खानेकुरा, खाद्यान्न (चामल, दालसहित), लत्ताकपडा र भाँडाकुडा जुटेपनि सुरक्षित बसोबासको व्यवस्था भने हुन सकेको छैन । पीडितको अबको आवश्यकता सुरक्षित बसोबास नै हो । उनीहरु एक सातादेखि राम्रोसँग सुत्न पाएका छैनन् । ‘जेनतेन खानेकुरा त जुटेकै छ, तर घटनायता हामी राम्रोसँग सुत्न सकेका छैनौँ’, अग्निपीडित सीताराम पासवान भन्छन्, ‘बालबालिका, बुढाबुढी, सुत्केरी र बिरामीको कन्तविजोग छ ।’ अग्निपीडितका लागि तत्काल बासको प्रबन्ध गर्नुपर्ने मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले बताए । ‘एक सयभन्दा बढी परिवारको व्यवस्थापनको कुरा छ, यो प्रबन्ध मिलाउन केही समय लाग्छ’, उनले भने । पीडित बस्तीमा पुग्नुभएका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बासको प्रबन्ध गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । यसैगरी सङ्घीय सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विज्ञ टोली यहाँको स्थलगत अवस्था बुझेर फर्केको छ । बस्तीमा छाप्रो बनाउन बाँस, जस्तापाता, चुलो र ग्यास, खाट, ओढ्ने÷ओछ्याउने लुगा, बालबालिकाका लागि झोला, कापी, कलम, पेन्सिललगायत सामग्रीको आवश्यकता छ ।
बालबालिका घटनापछि विद्यालय जान सकेका छैनन् । उनीहरुलाई पोसाक, पुस्तक, कापी÷कलमजस्ता सामग्रीको अभाव भएको छ ।
नगरप्रमुख मण्डल जिल्लास्थित विपद् व्यवस्थापन समिति, रेडक्रससहितका सामाजिक सङ्घ संस्था र सम्पर्कमा रहनुभएका दाताहरुसँग सहयोगका बारेमा छलफल भइरहेको बताउँछन् ।

*सबैभन्दा ठूलो सम्पत्ति निम्नवर्गका लागि लागिरहनु हो ।*

*–प्लेटो ।*

## सम्पादकीय

# बब्लु पासवानको पक्राउ र अपराध

*भारत, मोतीहारीको चम्पारणका आपराधिक चरित्रका बब्लु पासवान भनिने गणेश शंकर पासवानलाई पर्सा प्रहरीले गोली हानेर नियन्त्रणमा लिएको छ । यसले काठमाडौंमा मारिएका लाल मोहम्मद हत्या प्रकरणबारे धेरै कुरा खुल्ने अपेक्षा गरिएको छ । किनभने बब्लुले मोहम्मद हत्या प्रकरणमा हतियार व्यवस्थापनदेखि सुटरसम्म खोजबिन गरेका थिए । नेपाली नागरिक लगाएर मोहम्मदको रेकीसम्म गर्नसक्ने हैसियत देखाएका थिए । उनैले परिचालन गरेकाहरुले हत्या प्रकरणलाई अन्जाम दिएका थिए । मोहम्मद हत्या प्रकरणको कुनै कारण खुलेको छैन । तर भारतीय जाली नोटको कारोबारी भनेर भारतीय सञ्चारमाध्यमहरुले लेखिरहेका छन् । यसपटक पनि बब्लु पक्राउ प्रकरणमा भारतीय सञ्चार माध्यमको अलग कथा छ । उनीहरु बब्लु हराएको प्रहरी थानाको उजुरीदेखि रक्सौल थानाका प्रभारी अनुज कुमारविरुद्ध बब्लु गायव पारेको उजुरीसम्म परेका कथा हालेर बब्लुलाई नेपाल प्रहरीले पक्राउ गर्दा विषयान्तरको अभ्यास गरिरहेका छन् । समग्रमा चैँ बब्लु एक आपराधिक चरित्र हुन्, प्रवृत्ति हुन् । नेपाल प्रहरीले निकै मेहनतका साथ उनलाई पक्राउ गरेको छ । उनको भारतीय मोटरसाइकल, पेस्तोल, गोली र लागुऔषध पनि बरामद भएको छ ।*

*भारतीय मिडियाले जे लेखे पनि बब्लुले वीरगंजमै व्यापारी सुरेश केडिया अपहरण योजना बनाएका थिए । प्रहरीले पक्राउ गरेपछि उनी दुई वर्ष वीरगंज कारागारमै बसेर निस्केका हुन् । उनले लागुऔषधको धन्दा चलाएका छन् । नेपाली युवालाई हतियार र लागुऔषध कारोबारमा संलग्न गराउने काम गरिरहेका थिए । अपराधको सञ्जाल चलाएर उनले नेपाली जनजीवन तहसनहस पार्ने, लागुऔषध र हतियार उपलब्ध गराउने, व्यापारी अपहरण योजना बनाउने काममा उनको धन्दा निर्बाध चलिरहेको थियो । सीमामा बसेर नेपालीलाई कुलतमा फसाउने, अपराधमा सरिक गराउने र हतियारको दलदलमा फसाउने कामसँगै व्यापारीले व्यापार व्यवसाय गर्नसमेत अवरोध गराउँदै आएको घटनामा प्रहरीले जुन हिसाबले बब्लुलाई समातेको छ । त्यसले नेपाल प्रहरीलाई सफलता नै मान्नु पर्छ । प्रहरीको यो कार्यमा सबैको साथ रहनु पर्छ । जबकि भारतीय प्रहरीले पनि बब्लु समात्न नेपाल प्रहरीलाई सहयोग गरेको आभाष भएको छ । यो कार्यमा नेपाल प्रहरीले अरु मसिनोसँग काम गर्न जरुरी छ ।*

*भारतीय सीमामा बसेर नेपाली समुदायलाई आतंकित गराउने आपराधिक समूहलाई अप्रेसन गरेरै भए पनि नियन्त्रणमा लिन जरुरी छ । प्रहरीले चैतमा सर्लाहीमा पनि भारतीय मोस्ट वान्टेड डाँकालाई गोली दागेर नियन्त्रणमा लिएको थियो । प्रहरीले नाकामा कडाइ गर्न जरुरी छ । मोस्ट वान्टेडहरु नेपाल र भारत दुवैतिर अपराधकर्म गरिरहेका छन् । जाली नोटको कारोबार गरिरहेका छन् । लागुऔषध ओसारपसार सञ्जाल चलाइरहेका छन् । उताका व्यापारी उठाएर यता ल्याउने र यताका व्यापारी उठाएर उता लैजाने गरिररहेका छन् । अपराधीको जात, धर्म, देश हुँदैन । यस्तालाई कठोरसँग कारबाही गर्नैं पर्छ । अहिलेलाई पर्सा प्रहरीले ठिकै गरेको छ र यस्तै कर्म जारी राखोस् अनि गरेको कर्ममा कसैले प्रश्न नगरुन् भन्ने मात्र हो ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# ज्यामी लेखक र आत्मरतिको मूल्य



सञ्जय साह मित्र



मजदुर भनेका शारीरिक श्रम गर्ने मात्र होइनन्। जसले पारिश्रमिक पाउनको लागि श्रम गर्दछन्, ती सबै मजदुर नै हुन्। यस अर्थमा नै मजदुर दुई किसिमका हुन्छन् – शारीरिक श्रम गर्ने र मानसिक श्रम गर्ने । शारीरिक श्रम पनि धेरै किसिमको हुने गर्दछ। कतिपय काममा निकै धेरै कठिन परिश्रम गर्नुपर्छ र कतिपय काममा चाहिं निकै कम जोखिम हुन्छ। कतिपय श्रम नितान्त घरभित्र गर्नुपर्ने हुन्छ जहाँ सबै सुविधा हुन्छन् तर कतिपय अवस्थामा श्रम भने निकै कठिन ठाउँमा निकै जोखिमपूर्ण वातावरणमा गर्नुपर्ने हुन्छ । जहाँ सुविधाको कुनै सबाल नै हुँदैन अर्थात् सबै किसिमको सुविधाबाट वञ्चित रहेर पनि श्रम गर्नुपर्ने अवस्था धेरै ठाउँमा हुन्छ । कतिपयले शारीरिक श्रम नै भए पनि शीतल ठाउँमा वा शरीरलाई अनुकूल हुने एसि लागेको वातावरणमा गर्न पाएका हुन्छन् भने कतिपय शारीरिक श्रम चर्कोभन्दा चर्को घाममा अत्यन्त कठिन वातावरणमा गर्नुपर्ने हुन्छ। यसै गरी मानसिक श्रम पनि धेरै किसिमका हुन्छन्। कतिपय मानसिक श्रममा शरीर र मस्तिष्क दुवैको समान उपयोग गर्नुपर्ने पनि हुन्छ। शरीरले पनि खट्नुपर्ने र मानसिकताले पनि खट्नुपर्ने गरी दुवै किसिमको श्रम गर्ने श्रमिकहरु शारीरिक र मानसिक दुवै श्रमिकका गुणवगुणबाट परिचित तथा भुक्तभोगी हुन्छन् ।अनि मानसिक श्रमिकहरुमा शारीरिक श्रमभन्दा बढी मानसिक श्रम हुन्छ। यस्तै मानसिक श्रमिकमध्ये एक लेखक पनि हो।

सबै लेखक श्रमिक होइनन्। जो लेखक पैसाका लागि लेख्दैनन् वा पैसाको लालसा राख्दैनन्, तिनलाई श्रमिक भन्न सकिँदैन तर पनि यदि निरन्तर लेखिरहँदा कतैबाट कुनै पुरस्कार वा सम्मान प्राप्त हुन्छ भने त्यसलाई पनि पारिश्रमिकमा गन्न सकिन्छ । वरिष्ठ निबन्धकार श्यामप्रसाद शर्माले यस कुरालाई राम्ररी स्वीकार गरेका छन् कि कुनै लेखक वा साहित्यकारले कुनै पुरस्कारमा रकम पाउँछन् वा सम्मान पनि रकम पाउँछन् भने त्यो रकम पारिश्रमिक नै हो। पहिलेदेखि लगानी गरेको श्रम वा मानसिकताको प्रतिफल कुनै सम्मान वा पुरस्कारको रकम प्राप्त भएको हो। तर यस लालसाले चाहिँ लेखन गरिएको होइन भने यस किसिमको लेखनलाई श्रमिकको लेखन नमान्न पनि सकिन्छ । लेखकलाई मन लागेको किसिमको साहित्यिक रचना लेख्ने वा जहिले फुर्छ तहिले लेखन जुर्छ र कुनै पत्रिका वा अनलाइनमा जान्छ भने त्यस किसिमको लेखकलाई मानसिक श्रमिक भन्न उचित हुँदैन । यस किसिमका लेखकहरु भने लेखनमा पूर्णतया स्वच्छन्द हुन्छन्। स्वतन्त्र हुन्छन्। लेखनको विधामा अरुको कुनै हस्तक्षेप हुँदैन। कुनै किसिमको दबाब हुँदैन। कसैले किन लेखेन वा कसैले किन यस्तो लेख्यो जुन अहिले पत्रिका वा अनलाइनलाई काम लाग्ने भएको छैन भनेर पनि प्रश्न गर्दैन। अझ सामान्य पाठकलाई यस किसिमको कुनै प्रतीक्षा पनि रहँदैन कि तिनले कहिले कुन पत्रिकामा कुन विधाको रचना लिएर पाठकसमक्ष उपस्थित हुन्छन् । अनि अखबार वा अनलाइनका पाठक वा प्रकाशकप्रति कुनै दायित्व पनि हुन्न कि मलाई यस फर्मेटमा यस किसिमले लेख्नु उचित हुन्छ।

वास्तविक ज्यामी लेखक पनि दुई किसिमका हुन्छन् ः स्तम्भ वा यस्तै नियोजित लेखक र प्रकाशित प्रत्येक स्टोरीवापत पारिश्रमिक पाउने स्ट्रिन्जर। दोस्रो प्रकारका लेखक चाहिँ न त आफूलाई लेखक नै मान्छन् र न त समाजले नै खासै लेखकको रुपमा स्वीकार गरेको हुन्छ। समाज र लेखक स्वयंले आफूलाई पत्रकार नै भन्ने ठान्नु यस प्रकारको लेखकको विशेषता हो। पहिलो थरिले जतिसुकै नियोजित लेखून् वा पारिश्रमिककै लागि लेखून् तर आफूलाई पत्रकारभन्दा पनि लेखक मान्छन्। तिनको दृष्टिमा पत्रकारभन्दा लेखकको स्तर माथि हुन्छ। यदि कतै लेखक कि पत्रकार भनेर स्पष्ट पार्नुपर्ने हुन्छ त्यहाँ कुनमा फाइदा हुन्छ, सोही कित्तामा आफूलाई उभ्याउन पनि पछि पर्दैनन्। अनि दोस्रो प्रकारका लेखक पनि दुई किसिमका हुन्छन् ः सम्पादक वा प्रकाशकले निर्देशन गरेको विषयवस्तुमा लेख्ने र लेखक आफैँले परिस्थिति मिलाएर लेख्ने । वास्तवमा पहिलो किसिमका लेखक नै ज्यामी लेखक हुन्। दोस्रो किसिमका लेखक चाहिँ ज्यामी होइनन् भन्न खोजिएको कदापि होइन। पारिश्रमिक पाउनकै लागि लेख्नेहरु पनि त्यस्तै श्रमिक हुन् जो पारिश्रमिककै लागि खेतमा काम गर्दछन्। अह्राएको, खटाएको काम गर्ने शारीरिक श्रमिकहरु र अह्राएको खटाएको विषयमा लेख्ने वा समाचार तयार पार्ने वा स्टोरी बनाउने लेखकहरु पनि वास्तवमा त्यस्तै श्रमिक हुन्। दोस्रो किसिमको लेखकमा अलिकति मानसिक स्वतन्त्रता बढी हुन्छ, विषयवस्तु चयन गर्नका लागि बढी स्वतन्त्र हुन्छन् तर तोकिएको दिन वा निर्धारित समयमा तोकिएको शब्द सीमाभित्र रहेर आफ्नो लेखको लक्ष्य पूरा गरी पठाउनुपर्ने हुन्छ। कहिलेकाही सामान्यतया यस्ता लेखकलाई मानसिक दबाब हुँदैन नत्रभने कुन दिन वा महिनाको कुन गतेमा आफूलाई कहाँ लेख दिनुछ र म त्यस दिनको लागि कहिले कुन विषयमा लेख्नुपर्छ भन्ने किसिमले सदैव मन र मस्तिष्कमा आइरहन्छ। मनले कहिले बसेर लेख्ने र एकचोटि भ्याएसम्म आफूले लेखेको लेखको प्रूफ हेर्ने भन्ने समयको व्यवस्थापन गरिरहेको हुन्छ। यदि समयमा पठाउन सकिएन भने सम्पादक वा प्रकाशकले केही भनिदेलान् कि वा आफूले कमाएको अनुभूति हुने दुई चार पाठकले केही नराम्रो पो मान्लान् कि भन्ने चिन्ता भने मनमा भइरहन्छ। यसलाई जवाफदेही वा जिम्मेवारी पनि मान्न सकिन्छ तर वास्तवमा यो वफादारी हो। एक लेखकमा आफ्नो कामप्रति वफादारी निर्वाह गर्नु निकै ठुलो कुरो हो। आजभोलिका कथित व्यावसायिक लेखक वा ज्यामी लेखकमा यो भरपूर मात्रामा रहेको देखिन्छ।

ज्यामी लेखकमा आत्मरतिको भावना पनि बढी हुन्छ। आफ्नो लेख अरुहरुले पढिरहेका होलान् भन्ने भावना बढी हुन्छ। पढ्दै नपढ्ने चाहिँ होइन। र, कसैले पढ्दैनन् भनेर फेरि लेख्दै नलेख्ने होइन । लेख्नु भनेको क्षमताको प्रदर्शन पनि हो। लेख्दै गयो भने धेरै मानिसले चिनिरहँदा रहेछन्। कुनै कुनै ठाउँमा त कोही कोही यस्ता मानिस पनि भेटिन्छन् जसले कहीँ कतै आफूलाई पढेका हुन्छन् । जब आफूलाई पढेका मानिस त्यो पनि अन्जान ठाउँमा कोही भेटिन्छन् भने त्यहाँ लेख्ने बेलामा आत्मरति वा आत्म प्रकाशन भनिएको लेख वा रचनाले निकै धेरै सन्तुष्टि दिन्छ । यसकारण लेख्ने कुरामा कहिल्यै पछाडि पर्नु हुँदैन । सम्भव भएसम्म र भ्याएसम्म लेख्नुपर्छ किनभने जति धेरै लेखिन्छ, यसको अर्थ हो, उत्ति धेरै पढिन्छ। नपढीकन त लेख्न सकिँदैन। लेख्ने विषयवस्तु चाहिन्छ। विस्तार परिचित बन्दै गएपछि त आफ्नो अलिकति भए पनि स्तरीयताको पनि सबाल हुन्छ । स्तरीयताले अध्ययन खोज्दछ र अध्ययन गरेपछि भावनाले निकास खोज्दछ। यो क्रम निरन्तर चलिरहँदा आफ्नो परिचय र पहिचानले पनि विस्तार पाइरहेको हुन्छ। परिचयको विस्तार, आत्मरति तथा आत्मसन्तोषको पक्ष त छँदैछ । यिनीहरुले मानसिक रुपमा मानिसलाई केही हदसम्म सजिलो बनाउँछ । आत्मगौरव आ आत्माभिमानको अनुभूति हुन्छ । यसलाई पनि स्वाभाविक मान्नु पर्दछ तर लेख्नको लागि श्रम र मानसिकता खर्च भएको हुन्छ। श्रम, समय र मानसिकता, जुन खर्च गरिसकिएको हुन्छ, त्यसबाट अपेक्षा पनि हुन्छ। आखिरमा अपेक्षा नहुने कुरो पनि होइन। जहाँ कुनै अपेक्षा हुँदैन त्यहाँ विकास निकै कमजोर हुन पुग्दछ वा विकास रोकिन पनि सक्छ । यस अर्थमा पत्रपत्रिकामा रचनाहरु आइरहँदा त्यहाँबाट पारिश्रमिकको पनि अपेक्षा लेखकले गरेको हुन्छ। नियमित लेखकलाई यस प्रकारको अपेक्षा स्वाभाविक पनि हो। यद्यपि यहीँनेर यो आरोप रहेको छ कि नियमित रुपमा तलब वा पारिश्रमिकको लाभ लिन यदि लेख्छन् भने तिनलाई लेखनदास पनि भन्न मिल्ला कि ?

यहाँ लेखापढी व्यावसायी र लेखकमा फरक होइन भन्न खोजिएको होइन। लेखापढी व्यावसायीको काम चाहिँ सामान्य भाषामा मानिने लेखकको कामको प्रकृतिभन्दा निकै भिन्न हुने हुन्छ। हुन त लेखापढी व्यावसायीले पनि लेखेरै आम्दानी गर्ने हो वा आम्दानीको आशा गर्ने हो । कुनै पत्रपत्रिका वा अनलाइनमा लेख्ने लेखकले पनि लेखेरै दुई पैसा आउला भन्ने आशा गर्ने हो तर दुवै लेखनमा निकै भिन्नता छ। यहाँ लेखापढी व्यावसायीको भन्दा जसलाई समाजले सामान्यतया लेखक मान्ने गरेको छ, जो लेखनमा मौलिकता र विषयवस्तुको सिर्जनात्मकतामा केन्द्रित रहेर समाजलाई जागरुक बनाउनका लागि लेखिरहन्छन्, तिनीहरुका बारेमा केन्द्रित हुन खोजिएको छ। आजभोलि विभिन्न सहर तथा बजारबाट अखबारहरु प्रकाशन भइरहेका छन् र सबैभन्दा बढी त अहिले अनलाइनको बाढी आएको छ। अखबारहरुले विचार पृष्ठ दिने गरेको छ। यही विचार पृष्ठमा, अधिकांश अखबार जो आफूलाई स्तरीय मान्दछ वा बनाउन चाहन्छ, ले सम्भव भएसम्म हरेक दिन कम्तीमा एक लेख वा कम्तीमा सम्पादकीय पृष्ठमा एउटा पृष्ठभरि लेखहरु दिन चाहन्छ । सम्पादकीय पृष्ठको अर्को पृष्ठमा पनि ठुला अखबारहरुले विचार तथा समसामयिकी दिने गरेको पाइएको छ र यी पृष्ठमा लेख्नेहरुलाई तोकेका छन् । लेखक सामान्यया लेखकीय स्वतन्त्रतायुक्त हुन्छन् तर कतिपय अवस्थामा कतिपय लेखक भने निर्धारित गरिएका पनि हुन्छन्। अझ निर्धारित तिथिमा निर्धारित लयमा लेखन गरिनुपर्छ भन्ने पनि हो। यसरी विभिन्न विधा र क्षेत्रका लेखकहरु अखबार तथा अनलाइनसित जोडिएका हुन्छन् । यसरी जोडिएका लेखकहरुले निश्चित पारिश्रमिक पाइरहेका हुन्छन्।

लेखकलाई पारिश्रमिक वा नियमित पारिश्रमिक दिने अखबार वा अनलाइनहरु आफूलाई मर्यादित ठान्छन्। बौद्धिक क्षेत्रमा यस प्रकारका अखबारहरु प्रतिष्ठित मानिन्छन् पनि । र, अखबार वा अनलाइनमा लेखेवापत दुई पैसा आर्जन हुने अवस्थाका लेखकहरु पनि आफूलाई सम्मानित नै ठान्छन्। पारिश्रमिक दिने संस्थालाई पनि सम्मानित नै मान्ने गरिएको पाइन्छ। यसरी पत्रिका वा अनलाइनले लेखकलाई पारिश्रमिक उपलब्ध गराउँदा समग्र बौद्धिक क्षेत्रमा लेखक र प्रकाशन दुवैको सम्मान बढेको हुन्छ । सबैको सम्मान बढाउने पेसा लेखन पनि हो । यद्यपि सामान्य अवस्थामा अखबारमा लेखेर वर्तमान अवस्थामा राम्ररी जीवन बाँच्ने अवस्था छैन तर यसले दिने आत्मसम्मान वा आत्मरति भने लोभलाग्दो रहेको छ। लेखकले कुनै पत्रिका वा अनलाइनमा नियमित लेख्न थालेपछि लेखनलाई आफ्नो मर्यादा पनि बनाउँछन्। अनि यदि कोही लेखक कुनै अखबार वा अनलाइनमा लेख्न बन्द गर्छन् तिनको बारेमा धेरै लामो समयसम्म नकारात्मक टिप्पणी आइरहन्छ। फलानो अखबारले आफ्नो पत्रकार वा लेखकलाई भनिएको पैसा दिँदैन अर्थात् पारिश्रमिकमारा मिडिया हो भन्ने आरोप लाग्दछ । यसरी धेरै जना बौद्धिक व्यक्तित्वबाट अझ धेरै जना बौद्धिक व्यक्तित्वमा यस किसिमको आरोप प्रवाह हुन्छ तब मिडियाका साथै प्रकाशक वा सम्पादकको पनि मर्यादामा खल्लोपना आउने हुन्छ। बजारमा यसरी आलोचना धेरैको सुन्न पाइन्छ।

संसारमा धेरै किसिमका श्रमिकहरुमध्ये एक निरीह श्रमिक लेखक पनि हुन्। जो आफैँ लेखेर र आफैँ पढेर आनन्ददायी हुन मन पराउँछन्। अनि, लेखेरै पनि आफ्नो पहिचान बनाउँछन्। वास्तवमा लेखनले दिने नाम, मान र अलिकति दाम पनि हो तर यही अलिकति दाम लेखकले समयमा नपाउँदा लेखकको मनमा हुने पीडा केवल लेखकले मात्र बुझ्न सक्दछ।

● ● ●

# सुदूरपश्चिममा मन्त्रिपरिषद् विस्तार



**रासस**
**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीको सिफारिसमा प्रदेशसभा सदस्य टीका थापा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीमा नियुक्त भएका छन् । नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख नजिर मियाँले नागरिक उन्मुक्ति पार्टीबाट प्रदेशसभामा प्रतिनिनिधित्व गर्ने टीका थापालाई मन्त्रीमा नियुक्त गरेका हुन् । यही वैशाख ६ गते सोडारी मुख्यमन्त्रीमा नियुक्त भएलगत्तै सोही दिन नागरिक उन्मुक्ति पार्टीकै कैलाश चौधरी भौतिक पूर्वाधार विकासमन्त्रीमा नियुक्त भएका थिए । मंगलबार थप एक मन्त्री नियुक्त गरी मन्त्रिपरिषद् विस्तार गरे पनि अझै मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । मुख्यमन्त्रीले आन्तरिक मामिला तथा कानुन, सामाजिक विकास, उद्योग, पर्यटन वन तथा वातावरण र आर्थिक मामिला मन्त्रालय आफैँसँग राखेका छन् ।

नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता सोडारी नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) नागरिक उन्मुक्ति पार्टी (नाउपा) का अध्यक्ष पक्षधर प्रदेशसभा सदस्य र स्वतन्त्र सदस्य डा तारा जोशी समेतको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । नवनियुक्त भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री टीका थापालाई प्रदेश प्रमुखले धनगढीस्थित प्रदेश प्रमुखको कार्यालयमा पद तथा गोपनीयताको शपथ गराए । सत्ता समीकरण फेरिएसँगै प्रदेशको मुख्यमन्त्रीमा नियुक्त सोडारीलाई नेकपा (एमाले) ले तत्काल बाहिर बसेर समर्थन गरी सरकारमा सहभागी नहुने निर्णय गरेको थियो । सत्ता साझेदार अर्को दल नागरिक उन्मुक्ति पार्टीभित्रको आन्तरिक किचलो साम्य नहुँदा मन्त्रिपरिषद्लाई पूर्णता दिन अझै सकस देखिएको छ । मन्त्रिपरिषद् पूर्णतामा भइरहेको ढिलाइले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमलगायतका विषयको तयारी प्रभावित हुने अनुमान गरिएको छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली कांग्रेसका १८, नेकपा (माओवादी केन्द्र)का सभामुखसमेत १० सदस्यको प्रतिनिधित्व छ । बझाङमा भएको उपनिर्वाचनपछि नेकपा एमालेको एक सदस्य थप भई ११ पुगेको छ । नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा (एकीकृत समाजवादी) पार्टीका चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्यको प्रतिनिधित्व छ ।

# कर्णाली प्रदेश सरकार बिस्तार

**रासस**
**काँक्रेविहार ।**
मुख्यमन्त्री यामलाल कँडेलले कर्णाली प्रदेश सरकार बिस्तार गरेका छन् ।

मुख्यमन्त्री कँडेलको सिफारिसमा प्रदेश प्रमुख तिलक परियारले सरकार बिस्तार गरेका हुन् । प्रदेश प्रमुखको कार्यालयका अनुसार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महेन्द्र केसीलाई आर्थिक मामिला तथा योजना, वीरबहादुर शाहीलाई सामाजिक विकास, दुर्गाबहादुर रावतलाई उद्योग, पर्यटन वन तथा वातावरण र रनसिंह परियारलाई जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जम्मेवारी दिइएको छ ।

साथै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का शेरबहादुर बुढालाई भौतिक पूर्वाधार, विनोदकुमार शाहलाई भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

.त्यसैगरी भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्रीमा गमता विक नियुक्त भएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय भने मुख्यमन्त्री कँडेल आफैंले राखेका छन् । नवनियुक्त मन्त्री विनोदकुमार शाहबाहेक अन्य मन्त्रीहरुले मंगलबार नै पद तथा गोपनीयताको सपथ लिएका छन् ।

# सुशासनका निम्ति सबैले आवाज उठाउनुपर्छः बजिमय

**रासस**
**काठमाडौँ ।**
सरस्वती बजिमय समानुपातिक निर्वाचन प्रणालीमार्फत नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य चुनिएकी हुन् । बजिमय दोस्रोपटक समानुपातिक सांसद बनेकी हुन् । उनी २०७० सालमा पनि सांसद भएकी थिइन् ।



वर्तमान संसदीय अभ्यासप्रति मेरा केही फरक मत छन् । संसद्मा जे पनि बोल्नहुने जस्तो देखिन्छ । संसदीय मर्यादाविपरीतका अभ्यास भइरहेको छ । एकअर्काको विरोध गर्नबाहेक केही नगरेको देखियो । देशको सामाजिक–आर्थिक विकासका लागि सदनमा प्रतिनिधित्वका सबै राजनीतिक दल एकजुट हुनैपर्छ । जुन देश कानुनी आधारमा अगाडि बढेका छन् र एकजुट भएका छन् ती देश नै विकासको पथमा बढेका देखिन्छ । एकापसमा सहयोग एवम् समर्थन भएमा मात्र देशको उन्नति सम्भव हुन्छ । देशमा भ्रष्टाचार अहिले निकै मौलाएको छ । आफूलाई नयाँ पार्टी भन्ने पनि देखावटीमात्र रहेछन् भन्ने कुरा घामजस्तै छर्लङ्ग भइसकेको अवस्था छ । सङ्गठित सहकारी अपराधमा परेर धेरै सर्वसाधारणको रकम ठगी भएको छ । धेरै जनताले दुःख पाएका छन् । बाहिर सबै छताछुल्ल भए पनि नयाँ दलमा आबद्ध नेताहरू केही नभएको जस्तो गरिरहेका छन् । देश विकास गर्नका लागि सुशासन र भ्रष्टाचार नियन्त्रण पूर्वशर्त हो । सुशासन भएन भने अरु केही हुँदैन । भ्रष्टाचारमा डुब्नेहरूलाई कारबाही गर्नुपर्छ । मेरो पार्टी नेपाली कांग्रेसले भ्रष्टाचारका लागि कारबाही गर्ने नै कुरा उठाइरहेको छ । भ्रष्टाचार नियन्त्रण भयो भनेमात्र जनता सुखी हुन्छन् ।

कानुन नबनेका हुनाले कतिपय कुरामा अप्ठ्यारो परिस्थिति उत्पन्न भएको सुनिन्छ । कानुन निर्माणका सन्दर्भमा हामी विपक्षी पार्टीमा भए पनि सही कानुन बनाउन कुनै रोकटोक हुँदैन, गरेका छैनौँ । सहयोग नै हुन्छ । आवश्यक कानुन छिटोभन्दा छिटो संसद्बाट बनुन् भन्नेमा कांग्रेस प्रतिबद्ध छ । देशका युवा र विद्यार्थी ठूलो संख्यामा विदेशिन थालेका छन् ।

जुन एकदम चिन्ताको विषय हो । मेरो मुख्य जोड भनेकै सूचना प्रविधि (आइटी) क्षेत्रमा विकास गर्नुपर्छ भन्ने हो । अनिमात्र युवा यहीँ टिक्छन् । नेपालमै युवालाई रोकेर राख्नुपर्छ । आइटी क्षेत्रलाई हरेक दृष्टिकोणबाट हेर्नुपर्छ । प्रविधि विकासमा बढी कर, भ्याट लगाउन थाल्यो भने युवा यहाँ बस्दैनन् । आइटी क्षेत्रमा रमाएका युवा विदेश पलायन हुनसक्ने खतरा भइरहन्छ ।

के गर्दा युवा यहीँ रहन्छन् र देशमा भएकालाई कसरी सुविधा दिएर अझ अगाडि बढाउने भनेर राज्यले सोच्नुपर्छ, योजना ल्याउनुपर्छ । युवालाई यहीँ बसेर काम गर्ने वातावरण सिर्जना गर्नेतिर म पनि लाग्नेछु । आउँदो बर्खे अधिवेशनमा पनि यो विषयमा संसद्मा कुरा उठाउनेछु । नेपाल कृषिप्रधान देश हो तर यस क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन । हामी कृषि उपजमा परनिर्भर छौँ । न सिँचाइ, न मलखादको राम्रो व्यवस्था छ । पहाडी इलाकामा बाँदरले दुःख दिने समस्याले बस्ती नै उजाड भएका छन् । कृषि क्षेत्रलाई विकास गर्न सकियो भने विदेशमा किन जानुपर्यो ? आफ्नै देशमा उत्पादन गरेर बेच्ने ता कि बाहिरबाट किन्नु नपरोस् । आफ्नै देशको उत्पादन बिक्री गर्यो भने पनि धेरै सहयोग हुन्छ ।

पर्यटन क्षेत्रलाई विकास गर्न सक्यौँ भने धेरै पर्यटक भित्र्याउन सकिन्छ । म पहाडी जिल्ला खोटाङबाट प्रतिनिधित्व गर्छु । जिल्लामा बाटाघाटाको अवस्था निकै दयनीय छ । सडक धुलाम्मे र हिल्लामे छन् । कच्ची सडकमा दुर्घटना भइराख्छन् । यसले गर्दा जनताले दुःख पाएका छन् । जनसंख्या कम भएको र पहाडी जिल्लालाई केन्द्रले हेर्ने दृष्टिकोण फरक पाएको छु । विकास निर्माणका लागि मन्त्री नै हुनुपर्नेरहेछ । मन्त्री भयो भने सबै बजेट जाने, नभए अरुलाई बजेट नै नदिने । अस्पताल सुविधायुक्त भए बिरामी पर्दा अन्यत्र जान नपर्ने भन्ने त्यहाँका मतदाताको माग छ । जुन जायज पनि छ । कृषिमा त्यस्तै अप्ठ्यारो छ । पानीको दुःख छ । पानीका मुहान सुक्दै गएका छन् । यस्ता गुनासालाई सम्बोधन चाहेर पनि गर्न सकिरहेका छैनौँ । त्यसकारण सरकारको ध्यान त्यतातिर जाओस् भनेर बेलाबेलामा सदनमा पनि आवाज उठाइरहेको छु । सदरमुकामकै हालत खराब छ भने गाउँको अवस्था झन् नाजुक छ । विकास निर्माणका काम सबैतिर बराबरी हुनुपर्छ भनेर आवाज उठाउँदै आइरहेको छु । खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुको भाग छुनेगरी दूधकोशी आयोजना पनि चाँडै सञ्चालन हुनेमा म विश्वस्त छु । त्यो जलाशययुक्त आयोजना छ सय ३५ मेगावाट क्षमताको हो । आफूले मात्र अरुको सहयोग लिने होइन कि सहयोग दिनसक्ने राष्ट्र बनाउन एकजुट भएर लाग्न जरुरी छ । मेरो जिल्लामा पर्यटन क्षेत्रमा विकासको पनि धेरै सम्भावना छन् । हलेसी मन्दिरमा बर्सेनि धेरै दर्शनार्थी आउँछन् तर त्यहाँ जाने बाटोमा भने सरकारले ध्यान दिनसकेको छैन । जयरामघाटबाट हलेसीसम्मको बाटो जताजतै भत्किएको छ । फेरि टालटुल हुन्छ फेरि भत्किन्छ । दिक्तेल बजारमा कालिकादेवी मन्दिर छ । त्यो पनि चर्चित छ । हलेसीसम्म आएका दर्शनार्थीहरू त्यो मन्दिरसम्म पनि जाउन् भन्नका लागि प्रचारप्रसारमा ध्यान दिन जरुरी देखिएको छ । त्यसैगरी अरु विभिन्न ठाउँ छन्, जहाँबाट निकै सुन्दर दृश्यावलोकन गर्न देखिन्छ । यी ठाउँको विकास गर्न सक्यौँ भने जिल्लामा पर्यटक भित्रिन्छन् । मेरो कार्यकालमा त्यतातिर ध्यान जानेछ । हलेसीको तुवाचुङ नगरपालिकामा लिफ्टिङ खानेपानी योजना मेरै पहलमा भएको हो । तर कहिले बिग्रिँदै कहिले बन्दै गरेकाले त्यहाँका जनताले राम्ररी पानी खान पाइरहेका छैनन् । अहिले केन्द्रबाट धेरै योजना नदिने अवस्था छ । पहिले सिँचाइ योजना, खानेपानी, बाटोघाटोमा बजेट प्रशस्त गरिएको थियो । जब नेपाली कांग्रेसले सरकार छाड्यो त्यसपछि अर्थतन्त्र क्षेत्रमा डामाडोल भयो । भविष्यलाई जम्मा गरेको पुँजी सबै सिद्धियो । नचाहिने योजनाजस्तै भ्यूटावरमा पैसा खन्याएर अर्थतन्त्र रित्तो भयो । भविष्यका लागि सोचेर देशलाई अप्ठ्यारो नपार्ने स्थिति राख्यो भने अवश्य देश विकास हुन्छ । जनताले हामीलाई सुझाव दिन जरुरी छ । देशको प्रगतिका लागि उहाँहरुले हामीलाई चुनेर पठाउनुभएको हो । सुशासनका निम्ति सबैले आवाज उठाउनु पर्छ । देशलाई समृद्धिको मार्गमा अग्रसर गराउन स्वदेशमा रोजगारीका अवसर सृजना गर्दै उनीहरूलाई विदेश पलायनबाट रोक्न सरकार, निजी क्षेत्रका साथै समाजका हरेक वर्गको सक्रिय सहयोग आवश्यक छ ।

# उपनिर्वाचनः पुराना दलमै भरोसा र नयाँको परीक्षण

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनले प्रमुख दोस्रो ठूलो दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई उत्साहित तुल्याएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको उपनिर्वाचनमा प्राप्त जितले एमालेलाई खुसी तुल्याएको हो । एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले चुनावले आफ्नो दलप्रति आम मतदाताको ठूलो भरोसा रहेको देखाएको प्रतिक्रिया दिए । एमालेको अगुवाइ र उपस्थितिमा देश निर्माण गर्न सकिन्छ भन्ने सन्देश पाएको जिकिर पनि उनले गरे । 'अन्य राजनीतिक पार्टीमा सङ्गठित व्यक्तिले पनि 'सूर्य'लाई मत हालेको देखिन्छ । विचारका हिसाबले आफ्ना दलको नेतालाई मान्ने तर मुलुक सञ्चालनको जिम्मेवारीमा एमाले खोज्ने प्रवृत्ति मतदातामा देखियो । यो एमालेका लागि नयाँ जिम्मेवारी पनि हो ।' आफ्नो दललाई पहिचान विरोधी हो भनेर समाजलाई साम्प्रदायिक विभाजन गर्ने दूषित मनसाय बोकेकाहरूले लगाएको आरोप र अस्वीकृत भएको उनको भनाइ छ । पहिचानका नाममा अतिवादी प्रवृत्तिलाई समाप्त पारिएको जनाउँदै उनले जनताले युवालाई अनुमोदन गरेको स्पष्ट देखिएको बताए । विधायकको मुख्य भूमिका कानुन निर्माण हो, त्यस्तो महत्वपूर्ण थलो संसद्मा कानुनी पृष्ठभूमिका प्रतिनिधिलाई नै जनताले रोजेकामा उनले सन्तुष्टि व्यक्त गरे । 'प्राप्त मतभारबाट उत्साहित मात्र नभएर आफूप्रति गरिएको भरोसालाई डगमगाउन नदिई मुलुकलाई 'सुखी नेपाली समृद्ध नेपाल' निर्माणको राष्ट्रिय सङ्कल्पमा दृढ भएर अघि बढ्छौँ', उनले भने । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका मुख्य सचेतक हितराज पाण्डेले उपनिर्वाचनबाट देशले राजनीतिक परिपक्वता खोजेको सङ्केत गरेको प्रतिक्रिया दिए । उनका अनुसार मुलुकलाई अघि बढाउन दुई÷तीन आयाम छन् । 'अब सबै मिलेर काम गर्नुपर्छ । देशको समृद्धिका लागि मिलेर जाऔँ भन्ने सन्देश पाइएको छ । राजनीतिमा अघि बढ्न त्याग, समर्पण, परिपक्वता आवश्यक हुन्छ भन्ने सन्देश आयो', उनले भने । नेपाली कांग्रेस संसदीय दलका सचेतक सुशीला थिङले आफ्नो दलले निर्वाचनको परिणामलाई सकारात्मक रूपमा ग्रहण गरेको बताए । आफ्नो दल निर्वाचनमा पराजित भए पनि कांग्रेसप्रतिको जनताको भरोसा कायमै छ भन्ने जिकिर पनि उनले गरे । 'निर्वाचनले एमाले र नेपाली कांग्रेसमै जनताको भरोसा छ भन्ने देखाएको छ । यसबाट नयाँ राजनीतिक दलको पनि परीक्षण भएको छ', उनले भने । आफ्ना मतदाता यथावत् रहेको र तिनले कांग्रेसलाई माया गरिरहेको जनाउँदै उनले अब पार्टी जनताका माझमा पुग्न र अलि बढी खट्नुपर्ने आवश्यकता महसुस भएको बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले उपनिर्वाचनले सङ्गठन बिस्तार र पार्टी बनाउनका लागि जनतासँग लामो संवाद गर्न सन्देश दिएको बताए । 'पछिल्लो राजनीतिक परिवर्तनसँगै रास्वपाले जनसमर्थन पाउँछ भन्ने बुझाइ स्थापित गर्न अझ बढी काम गर्नुपर्ने देखियो । त्यो बाँकी काम यथाशीघ्र गरेर अघि बढ्न निर्वाचनबाट सन्देश मिलेको छ ।' उपनिर्वाचनमा आएको मतमाथि विचारविमर्श र समीक्षा गर्ने ठाउँमा आफूहरूलाई पु¥याएको बताउँदै उनले नतिजालाई सबै आयामले सोच्नुपर्छ भन्नेमा दलको आगामी बैठकमा छलफल हुने जानकारी दिए । यता, प्रतिनिधिसभा इलाम क्षेत्र नं २ मा इलाम–२ मा सम्पन्न उपनिर्वाचनमा १६ जना उम्मेदवारको जमानत जफत भएको छ । मंगलबार बिहान निर्वाचन



आयोगले सार्वजनिक गरेको अन्तिम मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का मिलन लिम्बूसहित १६ उम्मेदवारको जमानत जफत भएको हो । निर्वाचनमा सदर मत ६८ हजार चार सय ७२ को १० प्रतिशत छ हजार आठ सय ४७ भन्दा कम सदर मत पाएका १० राजनीतिक दलका र छ स्वतन्त्र उम्मेदवारको जमान जफत भएको हो । चौथो स्थानमा रहेका रास्वपाका लिम्बूले पाँच हजार ५० मतमात्र पाएका थिए ।

जमानत जफत हुनेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मङ्गोल नेशनल अर्गनाइजेशनका मनिबहादुर लिम्बू, नेशनल रिपब्लिक नेपालका धनराज रानामगर, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयन्त्रविक्रम शाह, राप्रपा नेपालका गणेशबहादुर चौहान र नेपाली जनता दलका रेशमबहादुर सुनार नेपाली छन् ।

यसैगरी, स्वतन्त्र उम्मेदवार डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार शाही, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्यालको जमानत जफत भएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ मा 'निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ', भनिएको छ ।

# शिक्षा मन्त्रालयको पूँजीगत खर्च शून्य

रासस
काठमाडौं ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको चालु आर्थिक वर्षको तेस्रो चौमासिकमा पूँजीगततर्फ शून्य दशमलव शून्य प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको तेस्रो चौमासिक (माघ–चैत) का लागि चैत मसान्तसम्ममा विनियोजितमध्ये चालुतर्फ जम्मा ४६ दशमलव ९० प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म जम्मा खर्च ४२ दशमलव ६६ प्रतिशत भएकामा तेस्रो चौमासिकमा शून्य खर्च भएको मन्त्रालयले जनाएको छ । यस आर्थिक वर्षमा चालुतर्फ ३७ दशमलव ४६ प्रतिशत र पूँजीगततर्फ शून्य दशमलव १४ प्रतिशत गरी जम्मा खर्च ४२ दशमलव ६६ प्रतिशत भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको यस आर्थिक वर्षको चालुतर्फ ६३ करोड ५३ लाख रुपैयाँ र पूँजीगततर्फ ११ करोड ४३ लाख रुपैयाँ गरी कूल ७४ करोड ९७ लाख रुपैयाँ रहेको छ । मन्त्रालयको चालु आर्थिक वर्षको वैदेशिक अनुदान दुई ५३ करोड ७६ लाख रुपैयाँ (चार दशमलव ४७ प्रतिशत) र वैदेशिक अनुदान चार अर्ब ९४ करोड दुई लाख रुपैयाँ (आठ दशमलव ६९ प्रतिशत) रहेको छ ।

# नौ महिनामा एक अर्ब ७८ करोड राजस्व सङ्कलन

रासस
कैलाली ।
आन्तरिक राजस्व कार्यालय धनगढीले चालु आवका नौ महिनामा एक अर्ब ७८ करोड ९८ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले चालु आव २०८०÷८१ को साउनदेखि चैत मसान्तसम्मको अवधिमा उक्त राजस्व सङ्कलन गरेको हो । आयकरबाट एक अर्ब एक करोड ६७ लाख रुपैयाँ, मूल्य अभिवृद्धि करबाट ६२ करोड १० लाख रुपैयाँ, अन्तःशुल्कबाट १० करोड ५६ लाख रुपैयाँ, ब्याजबापत तीन करोड ७० लाख रुपैयाँ, बहाल करबाट ९१ लाख रुपैयाँ र स्वास्थ्य सेवा करबाट एक लाख रुपैयाँ राजस्व सङ्कलन भएको आन्तरिक राजस्व कार्यालय धनगढीका सूचना अधिकारी दुर्गाप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार कार्यालयको चालु आवका नौ महिनामा दुई अर्ब १० करोड ९६ लाख रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा लक्ष्यको ८४ दशमलव ८४ प्रतिशतमात्रै राजस्व सङ्कलन भएको छ । चालु आवमा तीन अर्ब आठ करोड ४१ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने कार्यालयको लक्ष्य रहेकामा नौ महिनामा सङ्कलन भएको राजस्व वार्षिक लक्ष्यको ५७ दशमलव ८० प्रतिशत रहेको सूचना अधिकारी पौडेलले जानकारी दिए । 'करदाताको कारोबारमा गिरावट आएको छ, बहाल करको दायरा घटेको छ, पूँजीगत खर्च कम छ', उनले भने, 'आर्थिक क्रियाकलाप घटेको छ, जसले गर्दा राजस्व सङ्कलनमा कमी आएको छ ।' कार्यालयको आव २०७९÷८० मा तीन अर्ब ३६ करोड रुपैयाँ राजस्व सङ्कलनको वार्षिक लक्ष्य रहेकामा दुई अर्ब ५७ करोड ९८ लाख रुपैयाँ मात्रै राजस्व सङ्कलन भएको सूचना अधिकारी पौडेले जानकारी दिए । जुन वार्षिक लक्ष्यको ७६ दशमलव ७८ प्रतिशतमात्रै थियो ।

# विश्वमञ्चमा नरेन्द्र मोदी पुस्तक सार्वजनिक

मधेशदृष्टि
वीरगंज ।
'विश्वमञ्चमा नरेन्द्र मोदी' पुस्तक सार्वजनिक भएको छ । कितावमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ देखि सन् २०२४ सम्म विश्वका विभिन्न मुलुक तथा अन्तर्राष्ट्रिय मञ्चमा गरेका सम्बोधनको संकलन गरिएको छ । भूपेन्द्रबहादुर क्षेत्रीको संकलन रहेको यो पुस्तक सागर चन्द्ले नेपाली भाषामा अनुवाद गरेका हुन् । विश्वमञ्चमा भारत नयाँ तवरले अघि बढिरहेको र त्यसको नेतृत्व मोदीले गरिरहेकाले विश्वमञ्चमा भारतको उपस्थितिबारे जानकारी गराउने उद्देश्यले दशकयताका उनका २१ भाषण नेपालीमा अनुवाद गरिएको चन्दले बताए । 'विश्वमञ्चमा भारत नयाँ ढंगले अघि बढिरहेको छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतले आफूलाई सशक्त रुपमा अघि सारिरहेको परिवेशमा त्यसको नेतृत्व गर्ने नरेन्द्र मोदीको विश्वप्रतिको दृष्टिकोण बुझ्न पुस्तकले सघाउँछ,' चन्दले भने । सन् १९९० को दशकको सुरुवातमा ग्लोबलाइजेसनको यालामा निस्केको भारत आज विश्वका विभिन्न मञ्चमा शक्तिशाली रुपमा देखा परेको छ । जनवरी २०२४ मा प्रकाशित वल्र्ड इकोनोमिक फोरमको एक रिपोर्टका अनुसार सन् २०२३ मा भारतले विश्व विकासमा १६ प्रतिशत योगदान दिएको थियो । २०२२–२०२३ मा ७.२ प्रतिशतको आर्थिक वृद्धि गरेर भारत जी– २० देशहरूमा लगातार दोस्रो स्थानमा रह्यो । पूर्वाधार, इन्टरनेटको पहुँच र पश्चिमसँग भारतको सम्बन्धले गर्दा सन् २०२३ मा विश्व मञ्चमा ठूलो रुपमा भारत पुगेको छ । विश्वव्यापी रुपमा सूचना, कनेक्टिभिटी र समृद्धिमा भारतको बढ्दो पहुँचले भारतलाई विश्वमञ्चमा बलियो बनाएको छ । सार्क बैठकसहित प्रधानमन्त्री नरेन्द्र मोदी चारपटक नेपाल भ्रमणमा आएका छन् । पहिलोपटक सन् २०१४ को अगस्ट । दोस्रो, २०१४ को सार्क बैठक । तेस्रो, २०१८ को मे महिनामा र चौथो २०२२ को मे महिनामा । नेपालको जनकपुर, लुम्बिनीदेखि मुक्तिनाथसम्म पुगेका मोदीले सन् २०१४ यता एक सय भन्दा बढी याला गरेका छन् । 'यी सबै याला र सम्बोधनहरूमध्ये महत्त्वपूर्ण ठानिएका सम्बोधन संकलन गरेर नेपालीमा अनुवाद गरिएको हो,' क्षेत्रीले सुनाए । नेपाल र भारतको प्रागऐतिहासिककालदेखि सम्बन्ध रहेको बताउँदै क्षेत्रीले भने, 'छिमेकी पहिलोको नीति लिएको भारत विश्वका विभिन्न मञ्चमा कसरी प्रस्तुत भइरहेको छ भनेर आमनेपालीलाई समेत थाहा होस् भन्ने उद्देश्यले नरेन्द्र मोदीका भाषण नेपालीमा अनुवाद गरिएको हो ।' इन्डिगो इन्कले बजारमा ल्याएको पुस्तकको मूल्य ५४९ रुपैयाँ छ ।

# इजरायलले मानवअधिकार उल्लंघन गऱ्यो: अमेरिका

एजेन्सी
काठमाडौं ।
अमेरिकाले इजरायली सेनाको पाँच युनिटमाथि मानवअधिकार उल्लङ्घनको आरोप लगाएको छ । अमेरिकी विदेश मन्त्रालयले इजरायली सेनाको पाँच इकाई मानवअधिकार उल्लङ्घनका लागि जिम्मेवार पाइएको बताएको छ । मानवअधिकार उल्लङ्घनका यी घटनाहरू अक्टोबर ७ मा भएको आक्रमणअघि भएका थिए र मानवअधिकार उल्लङ्घनका घटनाहरू गाजा पट्टीबाहिर भएको बताइएको छ । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले सञ्चारमाध्यमसँग कुरा गर्दै मानवअधिकार उल्लङ्घनको आरोप लागेका इजरायली सेनाका पाँच इकाइमध्ये चारले प्रभावकारी रुपमा उल्लङ्घन गरेको बताएका छन् । अमेरिकी सरकारले इजरायली सरकारसँग पाँचौं एकाइको बारेमा कुरा गरिरहेको छ । अमेरिकाले कसरी मानवअधिकार उल्लङ्घनहरू भएका थिए र इजरायली सेनाका कुन इकाइहरू संलग्न थिए भन्ने कुरा खुलाएको छैन । गाजामा भएको आक्रमणपछि इजरायली सेनाको सैन्य आचरणको छानबिन भएको छ । गाजामा भएको आक्रमणमा हालसम्म ३४,५०० प्यालेस्टाइनी नागरिकको ज्यान गएको छ जसमा महिला र बालबालिका समेत रहेका छन् । इजरायलको आक्रमणका कारण गाजा पट्टी पूर्णरुपमा ध्वस्त भएको र अब त्यहाँ भोकमरीको सम्भावना छ । वास्तवमा, लेही कानून अमेरिकामा लागू हुन्छ, जुन तत्कालीन सिनेटर प्याट्रिक लेहीले सन् १९९० मा तयार पारेका थिए । यी नियमहरू अन्तर्गत, अमेरिकाले मानवअधिकार उल्लङ्घन गर्ने शक्तिहरूलाई सैन्य सहायता प्रदान गर्न सक्दैन । इजरायलले प्यालेस्टाइनको रफाह सहरमा हवाई आक्रमण गरेको थियो, जसमा २० जनाको मृत्यु भएको थियो । यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायललाई युद्धविरामका लागि दबाब दिएका छन् । तर, इजरायलले बन्धकहरूलाई रिहा नगरी युद्धविराम गर्न अस्वीकार गरेको छ ।

# दुनाटपरी उद्योगबाट आत्मनिर्भर हुने प्रयास



रासस
ढोरपाटन ।
बागलुङ नगरपालिका–३ की ७७ वर्षीया भद्रकली पुनलाई दुई महिना अगाडिसम्म दिन बिताउन निकै गाह्रो थियो । बुढेसकालमा भारी काम गर्न नसक्ने, घरमा यतिकै बस्दा समय बिताउन गाह्रो हुँदा मोबाइलमा भिडियो हेरेर बस्थिन् । हिजोआज उनको दैनिकी फेरिएको छ । दिन कसरी बिताउने भन्ने चिन्ता पनि हरायो । उनी अहिले हरेक दिन उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा बिताउँछिन् । अचेल उनलाई उद्योगमा महिलाहरूसँग गफिँदै टपरी बन्दाबुन्दै समय बितेको पत्तै हुँदैन । दुई महिनाअगाडि उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा अर्धबैंसे र वृद्ध महिलाहरु भेटिन्छन् । उद्योगमा कोही टपरी सिलाइरहेका भेटिन्छन् त कोही सिन्का चिरिरहेका हुन्छन् । उद्योगले महिलालाई स्वरोगार त बनाएको छ नै आत्मनिर्भरसमेत बनाइरहेको छ । उद्योग सञ्चालनमा आएको छोटो समयमै दुनाटपरीको माग बढ्न थालेपछि महिलालाई भ्याइनभ्याइ छ । गत फागुनदेखि सञ्चालनमा आएको उद्योग महिलाहरुको गतिलो आयस्रोतको माध्यम बन्न थालेको छ । उद्योग सञ्चालनमा आएपछि वनमा खेर गएका सालका पातले पनि बजार पाउन थालेको छ । उद्योगमा २८ महिला आबद्ध छन् । विसं २०७६ देखि महिलाहरुले सङ्गठित भएर बङ्गरपालन थालेका थिए । महिलाहरुले अघिल्लो वर्ष अफ्रिकन स्वाइन फिवर महामारीका कारण छ सय बङ्गर मरेपछि दुनाटपरी उद्योग सञ्चालन गरेका हुन् । बङ्गर मर्दा १५ लाख रुपैयाँ बढी नोक्सानी भएको थियो । उनीहरु बिहान–बेलुका घरको काम गर्ने र फुर्सदको समय टपरी बुन्ने गर्छन् । महिलाहरुले सुरुआती चरणमै दुई महिनाको अवधिमा करिब दुई लाख रुपैयाँ आम्दानीसमेत गरेका छन् । भद्रकलीले छोरी, बुहारी र नातिहरुसँगै दिनभर उद्योगमै बसेर टपरी बुन्छिन् । सुख, दुःखका मन्थन गर्दागर्दै दिन बितेको थाहै नहुने उनले बताइन् । दुनाटपरी बुन्दा समस्या नहुने हुँदा उद्योग र यहाँ काम गर्ने महिलाहरु आफ्नो सारथी बनेको भद्रकलीले सुनाइन् । उनले भनिन्, 'दिनदिनै मोबाइल चलाउँदा आँखा दुख्ने, टाउको दुख्ने हुन्थ्यो, दिनभर घरमा बस्दा बस्दा दिक्क लाग्ने गथ्र्यो, अहिले यहाँ (उद्योगमा) धेरै नानीहरु आउँछन्, उनीहरुसँग कुराकानी गरेर टपरी बुन्छु, दिन बितेको थाहै हुँदैन, नानीहरुले धेरै राम्रो काम गरेका छन्, म बूढीमान्छे पनि आबद्ध भएको छु, काम गर्न त सक्दैन, त्यही पनि दुई÷चारवटा टपरी बुन्छु, मेरो लागि त दिन बिताउने आधार बनेकोछ, आम्दानीपनिहुन्छ ।' सालको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढङ्गले उत्पादन गर्न थालिएको छ । वनमा खेर गइरहेको सालको पातको सदुपयोग गर्दै दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो । धार्मिक कार्यका लागि महत्वपूर्ण मानिँदै आएको दुनाटपरी पछिल्लो समय अन्य प्रयोजनमा समेत प्रयोगमा आउन थालेको छ । उद्योगमा आबद्ध सदस्य दिलमाया काउचाले नयाँ कामको सुरुवात भएको हुँदा सिक्दै स्वरोजगार बन्दै गरेको बताइन् । उद्योग सञ्चालनमा नआउँदा यतिकै घरमा बस्ने गरेको भन्दै अहिले दैनिक उद्योगमा आएर काम गर्ने गरेको उनको भनाइ छ ।

'सुरुआती चरणमा छौं, अहिलेसम्म त धेरैले राम्रो भन्नुभएको छ, वनजङ्गलमा पुगेर पातहरु ल्याउँछौं, बर्खाका लागि पनि अहिले नै पात ल्याएर गोदाममा राखेका छौं, पानी पथ्र्यो भने पात पाइँदैन पाइए पनि कुहिन्छ', काउचाले भनिन्, 'उद्योगमा लागेपछि आयस्रोत पनि हुने भयो, पहिले टपरी बुन्न लागि सिकेका थियौं, अहिले आफैं गर्न सक्ने भयौं, महिला दिदीबहिनीहरु एक जुट भएपछि यो काम गर्न सहज भएको छ, बिस्तारै फस्टाउँदै जाने विश्वास दिएका छौं ।' महिलाहरुले करिब तीन लाख रुपैयाँको लागतमा दुनाटपरी बनाउने मेसिन ल्याएका छन् । बागलुङ बजार आसपासमा खेर गएका सालका पातलाई दुनाटपरी बनाएर बजारमा पठाउन थालिएको छ । पछिल्लो समय सालका पातका दुना तथा टपरीमा रेष्टुराँका परिकार बिक्री गर्न थालिएपछि यसको माग निकै बढेको उद्यमशील महिला मगर सङ्घकी अध्यक्ष बलकुमारी पुनले बताइन् । दुनाटपरीलाई तीनदेखि आठ रुपैयाँसम्ममा बिक्री गर्दै आएको उनको भनाइ छ । विसं २०७५ मै महिलाहरु एकताबद्ध भएर सिर्जनात्मक काम गर्दै आएकामा फागुनदेखि व्यावसायिक रुपमा दुनाटपरी उत्पादनमा लागेको अध्यक्ष पुन बताउँछिन् । खासगरी धार्मिक स्थल, पूजाआज गर्ने ठाउँ र सार्वजनिक कार्यक्रम हुने ठाउँबाट दुनाटपरीको माग आउने गरेको उनको भनाइ छ । उद्योग सञ्चालनमा आएको दुई महिनामै धेरै ठाउँबाट मागसँगै हौसला थपिँदै गएपछि काम गर्न ऊर्जा थपिएको अध्यक्ष पुनले बताइन् । उद्योगमा काम गर्ने महिलाहरुले मासिक २५ देखि ३० हजार रुपैयाँसम्म आम्दानी गर्नसक्ने उनी बताउँछिन् । हाल बजारीकरणमा कुनै समस्या नभएको भन्दै आयातित प्लास्टिकका सामग्रीलाई प्रतिबन्ध लगाउन सके स्थानीय उत्पादनले बजार पाउनसक्ने पुनको भनाइ छ । अध्यक्ष पुनले भने, 'उद्यमशील महिला मगर संघले पाँच वर्ष अगाडि बङ्गरपालन गरेका थियौं तर रोगले गर्दा सबै मरे, त्यस बेला हामीहरुले १६ लाख रुपैयाँभन्दा बढी क्षति व्यहोर्नु पथ्र्यो, त्यसपछि अहिले दुनाटपरी उद्योग सञ्चालन गरेका छौं, राम्रो हुँदै गएको छ, बेरोजगार दिदीबहिनीहरुले रोजगार पाएका छौं, अहिले जसरी माग आइरहेको छ, त्यो मागलाई पूर्ति गर्नका लागि अझै धेरै कामदार चाहिन्छ, यद्यपी हामीहरुले अलि बढी समय दिएका छौं, घरको कामधन्दा सकाएपछि बल्ल यहाँ आउँछौं, धेरै तिरबाट माग आउँदा निकै उत्साहित भएर काम गरि रहेका छौं ।'

# टी–२० विश्वकपका लागि भारतीय टोलीको घोषणा

मधेशदृष्टि
वीरगंज ।
अन्तरराष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) टी–२० विश्वकप क्रिकेटका लागि भारतको टोली घोषणा भएको छ । टी–२० विश्वकपका लागि भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले आज रोहित शर्माको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।




भारतको टोलीमा कप्तान रोहित शर्मासँगै यशस्वी जयसवाल, विराट कोहली, सूर्यकुमार यादव, ऋषभ पन्त, सन्जु सामसन, हार्दिक पान्ड्या, शिवम दुबे, रविन्द्र जडेजा, अक्षर पटेल, कुलदीप यादव, युजवेन्द्र चाहल, अर्शदीप सिंह, जसप्रीत बुमराह, मोहम्मद सिराज छन् ।

यस्तै शुभमन गिल, रिङ्कु सिंह, खलील अहमद र आवेश खानलाई वैकल्पिक खेलाडीका रुपमा राखिएको छ । यस्तै इङ्ग्ल्याण्डले पनि टी–२० विश्वकपका लागि टोली घोषणा गरेको छ । इङ्ग्ल्याण्डको टोलीका कप्तान जोस बटलरसँगै मोइन अली, जोफ्रा आर्चर, जोनाथन बेयरस्टो, ह्यारी ब्रुक, साम करन, बेन डकेट, टम हार्टली, विल ज्याक्स, क्रिस जोर्डन, लायम लिभिङस्टोन, अदिल रशिद, फिल साल्ट, रेस टप्ली र मार्क वुड छन् । इङ्ग्ल्याण्ड साविक विजेता टोली हो ।

यसैगरी दक्षिण अफ्रिकाले पनि टोली घोषणा गरेको छ । दक्षिण अफ्रिकाको टोलीमा कप्तान एडन मार्करमसँगै ओटीनेल बार्टम्यान, गेराल्ड कोट्जी, क्विन्टन डी कक, बिजोर्न फर्च्युन, रेजा हेन्ड्रिक्स, मार्को जानसेन, हेनरिच क्लासेन, केशव महाराज, डेबिड मिलर, एनरिच नोर्ट्जी, कागिसो रबाडा, रायन रिकेल्टन, तबरिज शाम्सी र ट्रिस्टन स्टुब्स छन् ।

नवौं संस्करणको टी–२० विश्वकपका लागि न्युजिल्यान्डले यसअघि नै टोली घोषणा गरिसकेको छ । टी–२० विश्वकप क्रिकेट यही जुन/जुलाईमा अमेरिका र वेस्ट इन्डिजमा हुँदैछ ।

# गुल्मीमा डढेलो लगाएको आरोपमा दुईजना पक्राउ

**रासस**
**गुल्मी ।**
डढेलो लगाएको आरोपमा दुई जना पक्राउ परेका छन् । गुल्मीको रेसुङ्गा नगरपालिका–७ सिस्न्यारा पातल सामुदायिक वनमा डढेलो लगाउने दुईजना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा रेसुङ्गा नगरपालिका–७ का ३८ वर्षीय राजकुमार पन्थी क्षेत्री र ४१ वर्षीय राजु जिसी रहेको डिभिजन वन कार्यालय गुल्मीका निमित्त वन अधिकृत पङ्कजकुमार ठाकुरले जानकारी दिए । उनीहरुलाई वन ऐन २०७६ मार्फत् आगो लगाएको कसूरमा मुद्दा चलाउने तयारी गरिएको छ । पक्राउ परेकालाई तीन वर्ष कैद र ६० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने निमित्त वन अधिकृत ठाकुरले बताए । आरोपी दुवै जनाले सामुदायिक वनमा आफूहरुले आगो लगाएको स्वीकार गरेका छन् ।

उनीहरुलाई नेटा बजारबाट आइतबार पक्राउ गरिएको थियो । उनीहरुले गत ७ गते आगो लगाएर फरार भएका थिए । डिभिजन वन कार्यालय गुल्मीले पत्रकार सम्मेलनको क्रममा गाउँमा बस्ती रित्तिदै गएको र झाडी बढ्दै जाँदा आगलागीका घटना बढिरहेको जनाएको छ । उनले सल्लाका रुख काट्ने बहस भइरहेको भन्दै केही नहुने ठाउँमा सल्ला भएकोले सल्ला काट्नको सट्टा सल्लीपिलर (सल्लाका पात) सफा गर्दा समस्या समाधान हुने बताए । कुनै व्यक्तिको लापरबाहीबाट डढेलो लागेको र त्यसले ठूलो क्षति गरेको भन्दै जनचेतना जगाउनु नै मुख्य काम भएको पत्रकार सम्मेलनका क्रममा ठाकुरले बताए । ठाकुरले आगो लगाएको सुराकी दिने व्यक्तिलाई गोप्य रुपमा पुरस्कार प्रदान गरिने पनि जानकारी दिए । हाल गुल्मीका १२ स्थानीय तहका ८० सामुदायिक वनमा डढेलो लागेको छ । डढेलोबाट दुई हजार बढी हेक्टर क्षेत्रफल वन नष्ट भएको डिभिजन वन कार्यालय गुल्मीले जनाएको छ । जिल्लाको इस्मा, मदाने र गुल्मी दरबारमा घरगोठमा थुप्रै क्षति भएको छ । घटनास्थलमा राहत र उद्धारको काम भइरहेको जनाइएको छ ।

# गर्मीको जोखिममा रहेकालाई सचेत गराइँदै

**रासस**
**बाँके ।**
नेपालगञ्जमा हिटवेभको जोखिममा रहेका (टिनको छानामुनी बस्ने, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक लगायत)लाई सचेत गराउन थालिएको छ । उनीहरुलाई गर्मी र तातो हावाबाट बच्न सचेतना तथा जागरण फैलाउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी बाँकेले स्वयंसेवक समेत परिचालन गरेको छ । चार दिनसम्म नेपालगञ्ज उमहानगरपालिका–२१ र २२ मा तातो हावाको उच्च जोखिममा रहेका परिवारलाई सचेतना तथा जागरणको काम गर्न लागिएको नेपाल रेडक्रस सोसाइटी, बाँकेका उपनिर्देशक दोलख डाँगीले जानकारी दिए । उनले अपाङ्गता भएका व्यक्तिको घर–घरमा पुगी सूचना दिने र तातो हावाको लहरको जोखिमबाट घरायसी रुपमा गर्न सकिने सामान्य सावधानी तथा गर्मीको कारण हुने बिरामीको लक्षण देखिएमा गर्नुपर्ने उपचारको बारेमा सूचित गरिने बताए । यसका लागि दुई वडामा ६ स्वयंसेवक परिचालन गरिँदै छन् । अमेरिकी रेडक्रस, नेपालगञ्ज उपमहानगरपालिका र नेपाल रेडक्रस सोसाइटी बाँकेको संयुक्त साझेदारीमा नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा तातो हावाको लहर लू प्रतिकार्य कार्यक्रम सञ्चालनमा छ । उपनिर्देशक डाँगीले चार दिनसम्मको अवस्था हेरेर पुनः अन्य वडामा पनि सो कार्यक्रम सञ्चालन हुने उल्लेख गर्दै यसबाट किसान, श्रमिक वर्ग, पिछडिएको वर्ग र ज्यालादारीमा काम गर्ने वर्ग सबैभन्दा बढी लाभावन्वित हुने बताए । नेपालगञ्ज उपमहानगरपालिका आपतकालीन कार्यव्यवस्थापन समितिका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले गर्मी दिनप्रतिदिन बढ्दै गएकाले श्रमिक वर्गका लागि नेपालगञ्ज–२ को रानीतलाउ नजिक कुलिङ सेन्टर निर्माण गर्न लागिएको जानकारी दिए । जल तथा मौसम विज्ञान विभागले आगमी पाँच दिनसम्म निरन्तर तापक्रम बढ्ने जनाएको छ । दिउँसो गर्मी र तातो हावाका कारण नेपालगञ्जको जनजीवन प्रभावित भएको छ ।

# डढेलो नियन्त्रणका लागि समुदायस्तरमा सचेतना



**रासस**
**तनहुँ ।**
बन्दीपुर गाउँपालिकामा समुदायस्तरमा डढेलो नियन्त्रणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । पछिल्लो समय जिल्लाभर डढेलोको प्रकोप बढ्दै गएकाले नियन्त्रणका लागि समुदायस्तरसम्म पुगेर सर्वसाधारणलाई सचेतना प्रदान गर्न थालिएको हो । बन्दीपुर गाउँपालिकाले सोमबार पौवामा डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरेको छ । डढेलो लगाउने क्रम बढेकाले यसलाई नियन्त्रणका लागि स्थानीयवासी चनाखो बन्नुपर्ने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए ।

त्यसक्रममा उनले डढेलोले पु¥याउने क्षति, नियन्त्रणमा स्थानीयले खेल्नुपर्ने भूमिकाका बारेमा जानकारी गराएका छन् । सोही कार्यक्रममा नेपाली सेनाको रुरु भैरव दल गणका गणपति प्रमुख सेनानी हिमाचल जङ शाहले हरियो वन नेपालको धन भन्ने भनाइलाई सबैले आत्मसाथ गर्नुपर्ने बताउँदै वन्यजन्तु र रुखबिरुवाको माया गर्नुपर्ने उल्लेख गरे । इलाका प्रहरी कार्यालय बन्दीपुरका प्रहरी निरीक्षक कमल पोखे्रलले डढेलोका बेला अपनाउनु पर्ने सावधानी र डढेलो लगाउनेलाई हुने कानुनी कारवाहीको व्यवस्थामा बारेमा जानकारी गराए । उक्त वडाको थानीमाइमा डढेलोका कारण आठ सय बिरुवा नष्ट भएको स्थानीयवासी सनदकुमार श्रेष्ठले बताए । जिल्लामा चालु आर्थिक वर्षमा एक सय १७ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ ।

डिभिजन वन कार्यालय तनहुँका अनुसार हालसम्म २३ सामुदायिक वनमा डढेलो लागेको छ । डिभिजन वन कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठका अनुसार व्यास नगरपालिकास्थित साउनेपानी, बन्दीपुरस्थित पुरानकोट, ऋषिङस्थित जलुके कदमपानी, शुक्लागण्डकीस्थित सिमलचौर, देवघाटस्थित सोलीघोप्टे, साँढेबगर, म्याग्देस्थित मडुवा, व्यासस्थित सुन्दर, ठूलो, म्याग्देस्थित सिद्धबतासन सामुदायिक वनमा डढेलो लागेको छ । यस्तै म्याग्देस्थित बाङ्गेसाल, जुरेथुम्की, व्यासस्थित सिद्धबराह, दुरपता, भण्डारीपाखा, मुरलीभञ्ज्याङ, घिरिङस्थित जनकल्याण, भिमादस्थित शिवशक्ति, ऋषिङस्थित गुम्लेक, ज्वालादेवी र बन्दीपुरस्थित पुरानोकोट सामुदायिक वनमा आगलागी भएको छ । डढेलो नलगाउनका लागि सचेतनामूलक कार्यक्रम, प्रचारप्रसार गरिएपनि नियन्त्रणमा ल्याउन नसकिएको श्रेष्ठले बताए । उनले भने, 'डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घ लगायतलाई आग्रह गर्दै आएका छौ, तर स्वयं व्यक्ति सचेत नभएसम्म यसलाई पूर्णरुपमा रोकथाम गर्न सकिएको छैन ।' उनका अनुसार सर्वसाधारणले र नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ ।

जिल्लाको ८२ हजार ५ सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका दश वटा स्थानीय तहमा ६ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, ६ धार्मिक वन छन् । डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने र वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिम बढ्ने बताइन्छ ।

# आगलागी पीडितको पीडाः सबै जल्यो, के खाने ? कहाँ बस्ने ?



**रासस**
**दाङ ।**
२०८१ वैशाख १६ गते बिहान करिब १० बजेतिर घरदेखि पश्चिमतरिको जङ्गलमा आगो लागेको थियो । सोही आगो निभाउन भनेर राजपुर गाउँपालिका–७ हाडबासका खिमलाल खत्री गएका थिए । गाउँले सबै त्यहीँ गएको समयमा छिमेकीको एक घरमा आगोले भेट्यो । त्यही आगोले खत्रीको घर पनि भेट्यो । घरभित्र रहेको सबै अन्नपात जलेर छिनभरमै खरानी भयो । छोराले गाडीको हेबी लाइसेन्स बनाउन भनेको थियो त्यो बुझाउनका लागि एक लाख ऋण गरेर ल्याएको पैसा र घरमा भएको २० हजार पैसा थियो त्यो पनि जल्यो । घरमा भएको अन्नपातदेखि सबै सामग्री खरानी भयो । यस्तो होला भनेर हामीले सोचेका थिएनौँ अहिले खुल्ला आकाशमा बस्नु परेको छ खत्रीले भने । पाँचबोरा तोरी, मसुरो, चार क्विन्टल आलु थियो, सबै खरानी भयो । घरमा भएको अन्नपात लत्ताकपडा, भाँडाकुँडा केही पनि झिक्न नपाएको उनले सुनाए । शरीरका कपडाबाहेक केही बचेको छैन । कुखुराको खोर, गाईगोठ र बस्ने घर सबै जलेर आँखै अगाडि खरानी भयो । त्यही खरानीको थुप्रो हेरेर दिनरात कटाउँदैछौँ उनले भने । सोही ठाउँकी लक्ष्मी भण्डारीको घर, गोठ, बाख्राको खोर र कुखुराको खोर जलेर खरानी भएको छ । एक्कासि आगो घरमा आयो चारैतिरबाट घेरा हालेको आगोको रापले घरभित्र बस्न सकेनौँ बाहिर निस्कँदा घरभित्रको सामान सबै जल्यो सुत्ने खाट, दराज, टेबल सबै जलेर खरानी भयो भण्डारीले भने, 'छवटा बाख्रा र पाँच सय कुखुरा पनि जलेर खरानी भए ।' आगालागीले सबै जलेपछि केही सामग्री आएको छ, तर पकाउनका लागि भाँडा छैन । उनले लगाउने चप्पल पनि जलेर खाली खुट्टा हिँडेका थिए । सोही गाउँकी मिनीकुमारी बोहराको पाँचजनाको परिवार पनि खुल्ला आकाशमुनि बसेको छ । घरको अन्नपात, गोठ बाख्राको खोर सबै जल्यो । मान्छे कसरी सुरक्षित हुने भन्ने मात्रै सोच आयो सबै घरबाहिर रुवावासी गर्न थाल्यौँ । घर नजिकमा पानी पनि छैन केही पर बग्ने राप्तीमा तल झर्ने बाटो छैन त्यहाँबाट पानी ल्याउन सम्भव भएन । गाउँले सबैको घर छिनभरमै खरानी भयो । घर छेउमा रहेका रूखबिरुवा पनि जलेका छन् । वडा नं ७ का अध्यक्ष पुस्कर वली घटनास्थलमै थिए । घटनाका बारेमा जानकारी प्राप्त हुने बित्तिकै आफू त्यहाँ पुगेको उनले बताए । स्थानीयवासीको उद्धारका लागि उनी लागिपरेका छन् । प्रहरीसँगको सहकार्यमा क्षतिको विवरण सङ्कलन गर्न लागेका छन् । गाउँसम्म पुग्ने बाटो नहुँदा आगो निभाउन दमकल पुग्न नसकेको उनले बताए । नजिकै राप्ती नदी छ तर त्यहाँबाट पानी ल्याउन भाँडा नभएका कारण आगो नियन्त्रण हुन नसकेको अध्यक्ष वलीले बताए । आगलागीबाट २३ घर र एक सय १० जना प्रभावित भएका छन् । आगलागीस्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीहरू परिचालन भए पनि पर्याप्त पानीको स्रोत नहुँदा र भौगोलिक कठिनाइका कारण आगो नियन्त्रणमा ल्याउन कठिनाइ भएको उनले बताए । गाउँको आगो अझै नियन्त्रणमा आउन सकेको छैन । रूखहरु जलेर धुवाँ उडिरहेको छ ।

**पानी र बत्तीको समस्या**
गर्मी मौसम सुरु भएपछि जङ्गलमा आगो लाग्यो खानेपानीको पाइप सबै जल्यो । त्यसपछि हाडबासका स्थानीयलाई पानीको समस्या भयो । एक घण्टाको दूरीमा रहेको हाटबास खोलामा बालुवा खोस्रेर बनाइएको जरुवाबाट पानी ल्याएर जीविका चलाएको स्थानीय लक्ष्मी भण्डारीले बताए । एक घण्टाको उकाली ओराली गरेर ल्याएको पानीले जीविका चलेको छ भण्डारीले भने, 'आगलागी भएपछि गाउँमा बिजुलीबत्ती छैन । तीन दिन भयो, बत्ती नभएकाले मोबाइल फोन चार्ज गर्न पनि सकेका छैनौँ । सञ्चारविहीन भएका छौँ ।'

**स्वास्थ्य परामर्शमा ध्यान दिन अपिल**
दाङको राजपुर गाउँपालिका–७ हाडबास गाउँवासीले आगलागीबाट ठूलो भौतिक क्षति व्यहोर्नु परेको घटनाप्रति नागरिक समाज दाङले दुःख व्यक्त गरेको छ । वैशाख १६ गते नजिकैको सामुदायिक वनबाट बस्तीमा पसेको आगोले हाडबास गाउँका २३ घरगोठ जल्दा दर्जनौँ चौपाया, पक्षी मर्नाका साथै अन्नपात, लत्ताकपडा, भाँडावर्तन जलेर गाउँ नै खरानी भएको घटनाप्रति दुःख व्यक्त गर्दै पीडित गाउँलेको उद्धारपछिको उचित राहत व्यवस्थापनामा ध्यान दिन सबैमा हार्दिक अपिल गरेको छ । नागरिक समाज दाङका संयोजक नीमबहादुर थापा र सचिव नारायणप्रसाद श्रेष्ठद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ । पीडादायी घटनाप्रति मानवीय समवेदना आत्मसात् गरेर उदार मनले सहयोग कार्यमा जुट्न स्थानीय सरकार, सरकारी, गैरसरकारी कार्यालय, सङ्घसंस्था, व्यापार सङ्घ, रेडक्रस, उद्योगी, व्यवसायी एवम् सबै मनकारीमा नागरिक समाज दाङले अनुरोध गरेको छ । आगलागीका कारण गाउँवासीको बसाइ व्यवस्थापनसँगै खानपानमा ध्यान दिन तथा खानेपानीको पाइप जलेको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि सुरक्षित खानेपानीको सहज रुपमा उपलब्ध गराउन आग्रह गरेको छ । आगलागीका कारण गाउँवासीमा विभिन्न प्रकारका स्वास्थ्य समस्या आउने सम्भावना भएको हुँदा स्वास्थ्य उपचारसँगै स्वास्थ्य परामर्शमा ध्यान दिन पनि समाजले अपिल गरेको छ । विपन्न परिवार बसोबास गर्ने घरको खरको छाना विस्थापन गरी टिन लगाउने अभियान अहिले अलपत्र परेको हुँदा यस प्रकारका विपद्बाट क्षति भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अविलम्ब खरको छानो विस्थापन अभियान कार्यान्वयन गर्न पनि राज्यका तीन तहका सरकारलाई सचेत गराइएको छ ।

बढ्दो गर्मी अनि हावाहुरीले जतातत्तै आगलागीको जोखिम कायमै रहेको हुँदा जोखिम बस्तीमा सचेतना अभियान व्यापक बनाउन पनि सरोकार सबैमा नागरिक समाज दाङले ध्यानाकर्षण गराएको समाजका सचिव श्रेष्ठले बताए । साथै, नागरिक समाजले आगलागीको घटनालगत्तै उद्धारमा अहोरात्र खटिएर सुरक्षा दिनुभएका नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय सरकार, जनप्रतिनिधि, अमिलियावासी, स्थानीय, पत्रकारलगायत सबैमा आभार प्रकट गरेको छ ।

**आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षति**
गाउँमा रहेका २८ घरमध्ये २३ घर आगलागीबाट जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक जनकबहादुर मल्लले जानकारी दिए । आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षतिको प्रारम्भिक अनुमान रहेको प्रवक्ता मल्लले जानकारी दिए । पीडितलाई राहतस्वरुप घोराहीमा रहेको मानव कल्याण तथा वातावारण संरक्षण केन्द्र र वडा कार्यालयले खाद्यान्नसहित चाउचाउ र बिस्कुट म्याट र त्रिपाल वितरण गरेको थियो ।

# सिम्रौनगढका अधिकृतले पाए सफाई

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवालले अदालतबाट सफाई पाएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा दायर गरेको पाँचवटा मुद्दामा विशेष अदालतले उनलाई सफाइ दिएको हो । सोमबार टेकनारायाण कुँवर तथा मुरारीबाबु श्रेष्ठको इजलासले अख्तियारको दाबी नपुग्ने उनलाई सफाई दिएको हो । अख्तियारले जयसवालसमेतका विरुद्ध गत वर्ष ३ जेठमा र २४ साउनमा गैरकानुनी लाभका दुई मुद्दा दायर गरेको थियो । यसैगरी, २० असार २०८० मा झुट्ठा विवरण पेस गरी भ्रष्टाचार गरेको भन्दै थप तीन मुद्दा दायर भएका थिए । यी सबै मुद्दामा विशेष अदालतले सफाइ दिने फैसला गरेको हो । मधेश प्रदेश सरकारको योजनामा निकासा गरी कार्यसम्पन्न नहुँदै रकम भुक्तानी गरेकोजस्ता अभियोग उनीसमेत नगरपालिकाका कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, ठेकेदारलगायतमाथि मुद्दा दायर भएको थियो । सामुदायिक भवन निर्माण, खेल मैदान, संग्रहालय भवन निर्माण, सडक ढलानजस्ता कार्यमा अनियमितता भएको अख्तियारको दाबी थियो ।

# ठोरी नाका पुनः संचालनमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी नाका भोलीबाट पुनः संचालनमा आउने भएको छ । कोरोना संक्रमणको कारण ४ बर्ष अघि बन्द भएको छोटी भन्सार कार्यालय ठोरीको आज बुधबारदेखि औपचारिक रुपमा संचालनमा आउने भएको छ । पर्सा जिल्लाको दोस्रो नाका ठोरीमा अवस्थित छोटी भन्सार कार्यालयको नयाँ भवन निर्माण गरि स्तरोन्नति गरिएको वर्षौ बितिसक्दा पनि भन्सार विभागले कर्मचारीको व्यवस्थापन नगरिदिँदा उक्त छोटी भन्सार कार्यालय लामो समयदेखि बन्द अवस्थामा थियो । तर हालै संघीय सरकारको मन्त्रिपरिषद् बैठकले ठोरी छोटी भन्सार कार्यालय पुनः सञ्चालनमा ल्याउने निर्णय गरेकाले बुधबारदेखि ठोरी छोटी भन्सार कार्यालय पुनः सञ्चालनमा ल्याउन लागिएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । मन्त्रिपरिषदको निर्णयबमोजिम अर्थ मन्त्रालयको निर्देशनमा ठोरी छोटी भन्सार कार्यालयमा वीरगंज भन्सार कार्यालयले नायब सुब्बा अभिषेक सिंहसहित दुई जना कर्मचारी खटाइसकेको र बुधबार बिहान एक औपचारिक कार्यक्रम गरेर भन्सार कार्यालय पुनः सञ्चालनमा ल्याउन लागिएको पन्थीले बताए । भन्सारको औपचारिक सुभारम्भका लागि भन्सार विभागका महानिर्देशक डुण्डी प्रसाद निरौला, पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल, वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थी लगायतको कार्यक्रमका सहभागिता रहने जनाईएको छ । यसअघि गत माघ २७ गते तत्कालीन अर्थमन्त्री रामशरण महतले उद्घाटन गर्ने पुनः सञ्चालन गर्ने कार्यक्रम तय गरिएको थियो । तर, उक्त कार्यक्रम अन्तिम समयमा आएर बिना कारण स्थगित भएको थियो । पर्साको ठोरी गाउँपालिका तथा चितवनको माडी नगरपालिका र भरतपुर महानगरपालिकाका जनप्रतिनिधिहरूको संयुक्त टोलीले काठमाडौंस्थित अर्थमन्त्रालय, भन्सार विभाग लगायतका निकायमा पटक–पटक पुगेर ठोरी छोटी भन्सार पुनः सञ्चालनका लागि माग गर्दै आएका थिए ।

# उपचार खर्चको अभावमा अस्पतालबाट २५ दिनमा घर फर्किए रामविनय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर अस्पतालबाट डिस्चार्ज भएको २५ दिनपछि रामविनय महरा घर फर्किएका छन् । मानवअधिकारवादी संघसंस्था र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा परिवारजनले थप ५० हजार मात्र रकम बुझाएर अस्पतालले सोमबार घरजान दिन सहमत भएको हो । गत चैत १४ गते मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएका रामविनयलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको थियो । त्यहाबाट घरपरिवारलाई थाहै नदिई न्यूरोसम्बन्धी उपचारको लागि कृष्णा मेडिकलमा भर्ना भएका जनकपुरधाम उपमहानगरपालिका १७ का २२ वर्षीय रामविनय उपचार खर्च बुझाउन नसक्दा घरजान पाएका थिएनन् । उनको गत चैत २२ गतेसम्म फार्मेसी बाहेक ३ लाख उपचार खर्च भएको थियो । विपन्न घरपरिवारले मात्र औषधि र उपचारको ९० हजार बुझाएको थियो । थप रकम बुझाउन नसक्दा अस्पताल मै बन्धक बनेका रामविनयले थप ५० हजार रकम बुझाएपछि घर गएका हुन् ।




# एमाले सरकार परिवर्तनको पक्षमा छैनः पोखरेल

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले कांग्रेससँग गठबन्धन गरेर सरकार परिवर्तन गर्ने पक्षमा नेकपा एमाले नरहेको बताएका छन् । प्रेस चौतारी नेपाल पर्साले मंगलबार वीरगंजमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका वरिष्ठ उपाध्यक्ष पोखरेलले देश र जनताको पक्षमा एमाले सदैव उभिदैँ आएको परिणाम स्वरुप हालै सम्पन्न उपनिर्वाचनमा एमालेले सफलता हात पारेको दाबी गरे ।



राष्ट्रिय अखण्डता, नेपाल र नेपाली जनताको स्वभिमान जोगाउन तथा मुलुकको समृद्धिका लागि एमालेको विकल्प नभएको दाबी गर्दै राष्ट्रिय अखण्डताको रक्षा र मुलुकको समृद्धि एमाले बाहेक अन्य राजनीतिक दलबाट हुन नसक्ने बताए ।

उनले मुलुकको राष्ट्रिय स्वभिमान र स्वतन्त्रताको रक्षाका लागि छिमेकी देशलाई गाली गरेर समस्या समाधान नहुने पनि बताए । वरिष्ठ उपाध्यक्ष पोखरेलले छिमेकीलाई गाली गर्नुको साटो उनीहरुसँग आँखामा आँखा जुधाएर कुरा गर्दै समस्याको समाधान गर्ने हिम्मत एमालेमा मात्र भएको उनले बताए । अघिल्लो गठबन्धन सरकारले देश र जनताको पक्षमा काम गर्न नसकेको कारण नयाँ गठबन्धन बनेको उनको भनाई थियो । अहिले गठबन्धनको सरकारलाई अल्मलिने र जनतालाई निरासा बनाउने छुट नभएको दाबी गर्दै जनताका अपेक्षा पुरा गर्न सरकार दृढ संकल्पका साथ अगाडी बढनु पर्ने कुरामा जोड दिए । प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष तुलसी भण्डारीको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा नेकपा एमालेका केन्द्रिय सचिव तथा मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, पोलिटब्यूरो सदस्य अच्युत मैनाली, केन्द्रिय सदस्यहरु प्रभु हजारा, राजकुमार गुप्ता लगायतकोपनि उपस्थिती रहेको थियो ।

## नेतृत्व चयनका लागि अध्यक्ष मण्डल गठन

नेकपा एमाले पर्साको ९ औं जिल्ला अधिवेशन अन्तरगत मंगलबार विहानबाट शुरु भएको बन्द सत्रले पार्टीको नेतृत्व चयनका लागि ९ सदस्यीय अध्यक्ष मण्डल गठन गरेको छ । अध्यक्ष मण्डलले बन्द सत्र संचालन गर्ने र नयाँ नेतृत्व चयन गर्ने जनाईएको छ । यसअघि मंगलबार दिउँसो जिल्ला अधिवेशनमा पार्टीको आर्थिक र सांगठनिक प्रतिवेदन पारित गरेको छ । अधिवेशन सम्पन्न गर्न नेकपा एमालेका स्थायी कमिटी सदस्य अच्युत मैनालीको अध्यक्षतामा गठित अध्यक्ष मण्डलमा पार्टीका प्रदेश अध्यक्ष चन्देश्वर मण्डल, केन्द्रिय सदस्य प्रभु हजरा, राजकुमार गुप्ता, निर्मला देवकोटा, प्रदेश उपाध्यक्ष विचारी यादव, सचिव मनोज पौडेल लगायत ९ जना रहेका छन् । पार्टीको अधिवेशन अन्तरगत बुधवारबाट निर्वाचन प्रक्रिया शुरु हुने अध्यक्ष मण्डलका सदस्य मनोज पौडेलले जानकारी दिए । जस अन्तरगत विहान ८ बजे देखि ९ बजे सम्म नामावली प्रकाशन, १० बजे देखि १२ बजे सम्म उम्मेदवारको मनोनयन दर्ता र विहिवार विहान ९ बजे देखि ३ बजे सम्म मतदान गर्ने तालिका रहेको पौडेलले जानकारी दिए ।

# नक्कली नोटसहित २ जना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वीरगंजबाट नक्कली नोटसहित २ जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका–९ घण्टाघरस्थित सडकबाट नेपाली १ हजार दरको १ सय २३ थान नक्कली नोटसहित २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत पश्चिमी चम्पारण बेतिया भावल पंचायत–४ बस्ने ३० वर्षीय क्यामुदिन मियाँ र बारा प्रसौनी गाउँपालिका–२ बस्ने ४० वर्षीया हलिमा खातुन रहेका छन् । वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई उक्त नोटसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# रंगपुरटाडीमा आधुनिक बजार निर्माण हुने




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिकाको वडा नम्बर २ गादीको रंगपुरटाडीमा आधुनिक बजार निर्माण हुने भएको छ । बजार निर्माण वडाको गौरबको योजना भएको वडाध्यक्ष बिजय गैरेले बताए । सोही बजारको मंगलवार एक कार्यक्रमकावीच गाउँपालिका अध्यक्ष दिनेश चौधरीले शिलान्यास गरेका छन् । पहिलो चरणमा १ करोड ९ लाख रुपैयाको ठेक्का लागेको वडाध्यक्ष गैरेले जानकारी दिए । कार्यक्रममा उपप्रमुख ममता महतो, कार्यकारी प्रमुख देवनाथ साह कार्यपालिकाका बिभिन्न शाखाका प्रमुखहरु समाजसेवी महेन्द्र चौधरी, कालकुमार बस्नेत लगायत जनप्रतिनिधि र स्थानीय नागरिकको सहभागिता रहेको थियो । कार्यक्रममा वडा नं २ का वडाबासिको तर्फबाट पालिका प्रमुख चौधरीलाई धन्यवाद पत्र प्रदान गरिएको थियो ।

# जसपाको केन्द्रीय निर्वाचन समिति गठन

**रासस**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय निर्वाचन तदर्थ समिति गठन गरेको छ । केन्द्रीय कार्यकारिणी समितिले दिएको अधिकारबमोजिम अधिवक्ता दीपेन्द्र झाको संयोजकत्वमा पाँच सदस्यीय सो समिति गठन गरिएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए । उनका अनुसार सो समितिका सदस्यमा मनोजकुमार बर्मा, भुवनेश्वर चौधरी, आशा राई र देवनारायण यादव चयन भएका छन् । पार्टीले तयार गरेको राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिकाले स्वच्छ, निष्पक्ष तथा पारदर्शी ढङ्गले निर्वाचन गर्न गराउन आवश्यकताअनुसार केन्द्रमा केन्द्रीय निर्वाचन तदर्थ समिति तथा प्रदेशमा प्रदेश निर्वाचन तदर्थ समिति गठन गर्ने व्यवस्था गरेको छ । सोही प्रावधान बमोजिम समिति गठन गरिएको हो ।

केन्द्रीय निर्वाचन समितिले पार्टीको विधान तथा निर्देशिकाअनुसार राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूको निर्वाचन प्रक्रिया अघि बढाउन प्रदेशका निर्वाचन तदर्थ समितिसँग समन्वय गर्ने पनि बस्नेतले जानकारी गराए ।

# गाँजासहित दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले २ सय १६ किलो लागुऔषध गाँजा सहित दुई जनालाई पक्राउ गरेको छ ।

निजगढ नगरपालिका वडा नं.१० स्थित सडक खण्डबाट गाँजासहित दुई जना पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । अस्थायी प्रहरी पोष्ट रतनपुर र इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको संयुक्त टोलीले रतनपुरबाट निजगढतर्फ जाँदै गरेको ना.५ ख ७५५२ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकमा गाँजा फेला परेको थियो । प्रहरीले ७ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी ट्रक चालक लामा समेत २ जनालाई पक्राउ गरेको हो ।

पक्राउ परेका दुई जनाको नाम प्रहरीले अहिले खुलाएको छैन ।यस सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको बारा प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

# डाक्टर सिंहको निधन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल चिकित्सक संघ पर्साका पूर्वअध्यक्ष एवम् वरिष्ठ रेडियोलोजिस्ट डा. रविन्द्रप्रसाद सिंहको निधन भएको छ । डाक्टर सिंह वीरगंजमा ३० बर्ष पहिला पहिलो भिडियो एक्सरे गर्ने डाक्टर पनि हुन् । उनी बिगत १० महिनादेखि पेटमा क्यान्सर भएर बिरामी थिए । डाक्टर सिंहको पत्नी, १ छोरा र १ छोरी छन् । उनको मंगलबार आज वीरगंजमै निधन भएको हो । मधेशदृष्टिका अध्यक्ष धुव साहले शोक विज्ञप्ति निकाल्दै डाक्टर सिंहको निधनले वीरगंजले स्वास्थ्य क्षेत्रका एक अशल अभिभावक गुमाएको बताएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः धुव साह, सम्पादकः रामकुमार एलन